# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष ९ अंक ८ मासिक साउन/भदौ August 2006



- *पुल बनाएरै छोराछोरी स्कुल पठाए आमाहरूले*
  **पुल बनेपछि मात्र पढ्न पाए गाउँलेले** — तुलसा निरौला
- **कलिला मस्तिष्कमा युद्धको घाउ**
  *द्वन्द्वपीडित बालबालिकाले कहिले पाउने राहत ?* — रीता रेग्मी
- *एचआईभी सङ्क्रमित महिलाहरू*
  **सबै कुरा मिडियामार्फत नै भन्न चाहन्छु** — मनिता चाम्लिङ्ग
- *गंगाको तीरमा लुकेको पीर*
  **भोकभोकै मर्ने अवस्थामा रिडीका भक्तिनीहरू** — अमृता अनमोल
- *विदेशिएकाहरूको पीडा ?*
  **पीडा कम होला त अब ?** — अम्बिका राजथला
- *रातो पहिरनले बढाएको आत्मविश्वास*
  **द्वन्द्वले बढेका विधवा** — निर्मला रेग्मी
- *विद्यालय भर्नाका लागि किशोरी समूह*
  **साथीको पढाइका लागि रकम जम्मा गर्छन् किशोरीहरू** — यमकला पाण्डेय
- *पर्यटन क्षेत्रमा बढ्दो छ महिला आकर्षण*
  **जहाँ इच्छा त्यहाँ उपाय** — समीक्षा कोइराला





सञ्चारिका समूह/नेपाल

# पुल बनाएरै छोराछोरी स्कुल पठाए आमाहरूले

लामो समयदेखि थिङलाबु गाउँका महिलाहरू छोराछोरी विद्यालय जान नपाएकोमा चिन्तित थिए । उनीहरूका छोराछोरी पढ्न जान नपाउने अन्य केही कारण थिएन- विद्यालय जाने बाटोको पुल भत्किएकै कारण उनीहरू घरमा नै बस्न बाध्य भएका थिए लामो समय । तर गाउँको स्थानीय निकायलगायतका संघ/संस्थाले वास्ता नगरेपछि आमाहरू नै पुल बनाउन कस्सिए । पुल बनाउन गिटी कुट्ने, बालुवा बोक्नेदेखि काठ आफैं काटे उनीहरूले । गाउँमा आफैंले मजदुरी गरेको पैसा जम्मा पारे ५० हजार । र, पुल बनाएर छोराछोरीलाई मात्र होइन गाउँलेलाई सहयोग पुर्‍याए उनीहरूले ।

**✍ तुलसा निरौला**

*छोराछोरी स्कुल जान नपाएपछि थिङलाबु गाविस-२ स्थित जलजले महिला समूहले खोलामा पुल हालेर छोराछोरी स्कुल पठाउन थालेको समूहकी अध्यक्ष विष्णुकुमारी थाम्देन बताउँछिन् । समूहमा २२ जना महिलाको सहभागिता रहेको छ । उक्त समूहले खोलामा पुल हालेपछि गाउँका बालबालिकाहरू कृष्ण प्राथमिक विद्यालय थिङलाबु र फाकुम्बा माध्यमिक विद्यालयमा पढ्न जान सक्ने भएका छन् ।*

**ताप्लेजुङ**/ नपढेका महिलाहरूले पनि शिक्षाको महत्व बुझेका हुन्छन् भन्ने कुरा थिङलाबुका महिलाको परिश्रमलाई हेर्दा छर्लंग हुन्छ । सामान्य अक्षरसमेत लेखपढ गर्न नजान्ने थिङलाबुका महिलाले थुकिया खोलामा पुल हालेर छोराछोरीलाई स्कुल पठाउन थालेका छन् । पुलको अभावमा यहाँका बालबालिका स्कुल जान पाएका थिएनन् ।

छोराछोरी स्कुल जान नपाएपछि थिङलाबु गाविस-२ स्थित जलजले महिला समूहले खोलामा पुल हालेर छोराछोरी स्कुल पठाउन थालेको समूहकी अध्यक्ष विष्णुकुमारी थाम्देन बताउँछिन् । समूहमा २२ जना महिलाको सहभागिता रहेको छ । उक्त समूहले खोलामा पुल हालेपछि गाउँका बालबालिकाहरू कृष्ण प्राथमिक विद्यालय थिङलाबु र फाकुम्बा माध्यमिक विद्यालयमा पढ्न जान सक्ने भएका छन् ।

खोलामा पुल बनाइदिनुपर्‍यो भन्दै गाविस र जिविसमा पटक-पटक अनुरोध गरेका थिए उनीहरूले । तर, कसैले चासो नदेखाएपछि आफ्नै सक्रियतामा खोलामा पुल हालेरै छाडे । सुरुमा महिलाको समूहले पुल बनाउँछौं र छोराछोरी स्कुल पठाउँछौं भन्दा नाक खुम्च्याउने र खिल्ली उडाउने पुरुषहरूसमेत पुल हालेपछि आश्चर्यमा परे । पुलका लागि गिटी कुट्ने, बालुवा बोक्नेदेखि लिएर काठ काट्नसमेत पुरुषको सहयोग मागेनन् । काठ काट्दा, बजारबाट सामान खरिद गर्दा, ढुङ्गा बालुवा जुटाउँदा ५० हजार रुपैयाँ पुलमा लगानी भएको बताए ।

गाउँका महिलाले भारी बोकेर र बनिबुतो गरेर कमाएको पैसा जम्मा गरी खोलामा पुल हालेका हुन् । धेरै कमाउने र भ्रष्टाचार गर्नेहरूका लागि उक्त रकम सानो भए पनि थोरै आर्थिक आय आर्जन गर्ने गाउँले महिलाहरूका लागि यो रकम अत्यन्तै ठूलो हो । बनिबुतो गरेर आधा पेट खाँदै गाउँका छोराछोरीको भविष्य निर्माणमा लाग्ने यहाँका महिलाले अझैसम्म पनि चप्पल किनेर खुट्टामा लाउन सकेका छैनन् ।

महिलाहरूले पुल बनाएर छोराछोरी स्कुल जालान् भन्ने कल्पनासम्म नगरेको बताउने थिङलाबुका ६५ वर्षीय जीतबहादुर लिम्बू समूहको नमुना काम देखेपछि महिलाहरू केही गर्न सक्दैनन्

भन्ने मानसिकता आफूबाट हटेको बताउँछन् । पुलकै अभावमा स्कुल जान नपाएका उनका छोराछोरीसमेत अहिले सोही पुल भएर स्कुल जान थालेका छन् ।

भारी बोकेर दिन बिताउने यहाँका बालबालिकाले समेत पुल बनेपछि शिक्षा लिने सुनौलो अवसर पाएका छन् । थिङलाबु- ३ का १२ वर्षीय सन्तोष लिम्बू अहिले आफू पनि अरू भाइबहिनीसँगै स्कुल जान थालेको बताउँछन् । पुल बनेपछि गाउँका एक सय ५० जना बालबालिकाले शिक्षा लिने सुनौलो अवसर पाएका छन् । स्थानीय मनकुमारी थाम्देनले स्कुल जान नपाइरहेका आफ्ना छोराछोरीलाई पुल बनाएपछि समूहकै महिलाले स्कुलमा भर्ना गरिदिएको बताइन् ।

लिम्बूहरूको बाक्लो बसोबास रहेको ताप्लेजुङ्गको थिङलाबु गाविसका महिलाले उदाहरणीय कार्य गर्न थालेपछि यसको असर यसका छिमेकी गाविसमा समेत पर्न थालेको छ । वर्षौंदेखि पुलको अभावमा स्कुल जान नपाएका छिमेकी गाविसका नानीहरूसमेत पुल बनेपछि किताब च्यापेर स्कुल जान थालेका देखिन्छन् । पुल निर्माणपश्चात् फाकुम्बा, साँघुलगायतका गाविसबाट समेत बालबालिकाहरू स्कुल जान थालेका छन् ।

जिल्लाकै अति विकट थिङलाबु गाविसका महिलाले दुर्गम ठाउँबाट विकासका लहरहरू सुरु गरेपछि आफूहरूलाई पनि अत्यन्तै खुसी लागेको फाकुम्बा गाविसकी कोपिला प्रसाईं बताउँछिन् । हिउँदमा सामान्य पानी घटे पनि थुकिया खोलाले वर्षायाममा धेरै दुःख दिने गरेको पीडा सुनाउँदै समूहकी सदस्य कमला थाम्देन अब भने यसको चिन्ताबाट गाउँलेहरू मुक्त भएको बताउँछिन् ।

नाङ्गै खुट्टा १० घन्टाको पैदल यात्रा गरेर सदरमुकाम आइपुगेकी समूहकी सदस्य फूलमाया लिम्बू छोराछोरीले पढे गाउँको विकास होला । आफूहरूले पनि बुढेसकालमा गाउँमा परिवर्तन आएको देख्न पाइएला भनेर भोकै र नाङ्गै सामाजिक कार्यमा जुटेको बताउँछिन् । राम्रो र पक्की पुल हाल्ने आफूहरूसँग क्षमता नभएकोले सामान्य हिंड्डुल गर्न हुनेसम्मको पुल बनाएको पनि उनले सुनाइन् ।

महिलाको प्रयासमा पुल निर्माण भएपछि घाँस, दाउरा र मेलापात गर्न गाउँका मानिसलाई

*लिम्बूहरूको बाक्लो बसोबास रहेको ताप्लेजुङ्गको थिङलाबु गाविसका महिलाले उदाहरणीय कार्य गर्न थालेपछि यसको असर यसका छिमेकी गाविसमा समेत पर्न थालेको छ । वर्षौंदेखि पुलको अभावमा स्कुल जान नपाएका छिमेकी गाविसका नानीहरूसमेत पुल बनेपछि किताब च्यापेर स्कुल जान थालेका देखिन्छन् । पुल निर्माणपश्चात् फाकुम्बा, साँघुलगायतका गाविसबाट समेत बालबालिकाहरू स्कुल जान थालेका छन् ।*

सजिलो भएको छ । पुलकै अभावमा वर्षामासको खेतिपाती गर्न जान नसक्ने यहाँका कृषकहरू अहिले आरामले आवतजावत गर्न थालेका छन् । सजिलै खाद्यान्न ओसार्न थालेका छन् । यातायात सेवा नपुगेको यस गाउँमा मानिसले सदरमुकामबाट चामल बोकेर खाद्यान्न आपूर्ति गर्नुपर्छ । दुई हजार ८ सय १० जना मानिस यस गाविसमा बसोबास गर्दछन् । तीमध्ये महिलाको संख्या एक हजार ३ सय ५० रहेको छ । सामाजिक सेवा गर्न रुचाउने यहाँका महिलाले पुल निर्माण मात्र नभएर सार्वजनिक पाटी, पौवा, कुवा, पानीधारा, बिग्रिएका बाटो, भत्किएका गाह्रो, शौचालय बनाउने गरेका छन् । सामाजिक सेवासम्बन्धी जनचेतना दिने मात्र होइन, समूहका महिलाहरूले सार्वजनिक स्थलमा फोहर गर्ने र जताततै दिसापिसाब गर्नेहरूलाई कारबाहीस्वरूप तत्कालै सफा गर्न लगाउने नयाँ नियमहरूसमेत बनाएका छन् ।

गाउँका पुरुषहरू अहिले महिलाले परिवर्तन गर्न थालेपछि महिलामा पनि आँट, बुद्धि र साहसको विकास भयो भन्न थालेका छन् । घाँस, दाउरा र मेलापात गर्दा 'छोरीको जन्म हारेको कर्म' भन्दै गीत गाउने महिलाहरूले अहिले गाउँ-गाउँमा महिला हकअधिकारको विषयमा जनचेतना दिन थालेको स्थानीय वृद्धा धनकुमारी लिम्बू बताउँछिन् ।

सामाजिक सेवामा जुट्नुपर्छ भन्दै उनीहरू हप्तामा एकपटक मानिसको घरघर पुग्ने गरेका छन् ।

कुन गाउँमा कहिले जाने, कुन समयमा घरको काम गर्ने र कुन दिन सामाजिक काम गर्ने भनेर १५ दिनमा एकपटक यहाँका महिलाहरू बैठक बस्ने गरेका छन् । अनपढ भए पनि महिलाहरू पछि हट्न हुँदैन भन्ने कुरा यहाँका महिलाहरूलाई अब कसैले सिकाउनु नपर्ने भएको छ। महिलालाई दबाएर कुरा गर्ने कतिपय पुरुषहरूलाई नचाहिंदो कुरामा ढिट नगर्नसमेत उनीहरूले चेतावनी दिन थालेका छन् ।

०५७ सालमा गठन भएको महिलाहरूको उक्त समूहले बिस्तारै गाउँमा परिवर्तन ल्याउन थालेपछि फाकुम्बा, पापुङ्ग, नाल्बु, थुकिम्बा, लिङतेप, सान्थाक्रा, साँघु, ढुङ्गेसाँघुलगायतका गाविसमा समेत थिङलाबुका महिलाहरूको खुलेर प्रशंसा हुन थालेको छ । यी गाविसका महिलाहरूसमेत अहिले थिङलाबु गाविसमा महिलाले गाउँमा ल्याएको परिवर्तन हेर्न हुल बाँधेर जान थालेका छन् । थिङलाबुका महिलाले पुल बनाए, बाटो बनाए, गाउँ-टोल सफा गरे, अब हामीले पनि आफ्नो गाउँमा परिवर्तन ल्याउनुपर्छ भनेर उनीहरू सिको गर्न थालेका छन्। दुर्गम जिल्लामा बसोबास गर्ने अनपढ महिलाहरूले नयाँ पुस्तालाई सबल, सक्षम र शिक्षित बनाउन घरपरिवारको कामलाई थाती राखेर सामाजिक सेवामा देखापर्नु पुरुषका लागि मात्र नभएर शिक्षित तर केही नगर्ने शहरी महिलाका लागि पनि चुनौती भएको छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# कलिला मस्तिष्कमा युद्धको घाउ

***"बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने चर्को अभियान चलाइए पनि युद्धरत र राज्य पक्षले कहिल्यै यसको पालना गरेनन् । युद्धका नाममा निर्दोष बालबालिकाको ज्यान लिने, अंगभंग बनाउने, अभिभावकको हत्या, अपहरण, बेपत्ता बनाएर उनीहरूलाई बेसहारा बनाउने क्रम जारी रह्यो । यसले गर्दा हजारौं बालबालिकाको भविष्य बर्बाद भएको छ । युद्धको घाउले यस्ता बालबालिकाको मानसिक सन्तुलन पनि बिगारेको छ। तर दुर्भाग्य, यस्ता बालबालिकाको पीडालाई राज्यले बुझ्ने प्रयाससम्म गरेको छैन ।***

**✍ रीता रेग्मी**

**दाङ**/ उमेरले ११ वर्षीय हिमकुमार चौधरी बालापनमै छन् । हातखुट्टा पनि राम्रोसँग दह्रिएका छैनन् । तर, एकाबिहानै काँधमा फरुवा बोकेर सकी-नसकी काममा जानुपर्छ उनलाई । नगई सुख छैन, काम नगरे एक्ली आमा र दुईवटा नाबालक भाइलाई कसरी पाल्ने ? यही चिन्ताले उनले ४ कक्षा पढ्दापढ्दै पढाइ पनि छाडेका छन्, मजदुरी गरेर आमा र भाइलाई पाल्नु उनको नियति बनेको छ ।

माओवादीले अलिकति पनि निहत्था नागरिकको जीउज्यानको ख्याल गरिदिएको भए अबोध बालापनका हिमकुमारलाई यसरी मजदुर बन्नुपर्ने थिएन। गत १५ फागुनमा दाङको त्रिभुवननगर नगरपालिका-४ भैसाहीमा माओवादीले सडक अवरोध गर्न राखेको बम विस्फोटमा परी उनका बाबु छलुरामको ज्यान गयो । बाटोमा हिंड्दै गरेका छलुरामले हिंड्दाहिंड्दै बमले शरीर टुक्राटुक्रा पारेको पत्तै पाएनन् ।

बाबु बम विस्फोटमा परेको हिमकुमारले आफ्नै आँखाले देखेका थिए। त्यसैले उनको मानसिक सन्तुलन पनि खल्बलिएको छ। "बाबा यही घरमै हुनुहुन्छ जस्तो लाग्छ। फेरि बमले टुक्राटुक्रा पारेको बाबाको शरीर सम्झन्छु अनि घरमा बस्न डर लाग्छ । चिच्याउँदै रुन मन लाग्छ," हिमकुमार त्रसित हुँदै भन्छन् ।

त्यो दिन हिमकुमार भाइसँगै साँझको खाना खाइरहेका थिए। एक्कासि बम पड्केको आवाज आयो, दौडँदै घरबाहिर हेर्न जाँदा उनका बाबुको शरीर क्षतविक्षत भइसकेको थियो। उनका भाइ रनकुमारले पनि बाबुको क्षतविक्षत लाश देखे। आफ्नै बाबुको क्षतविक्षत लाश देखेपछि भाइको पनि मानसिक सन्तुलन खल्बलिएको छ। त्यसपछि उनले कति दिनसम्म त खाना पनि खाएनन्। भन्छन्, "मेरो बाबा फर्केर आउनुहुन्छ कि जस्तो लाग्छ।" तर उनलाई के थाहा, उनका बाबु कहिल्यै नआउने गरी गइसकेका छन् भन्ने। घरमा कोही मान्छे आउँदा बाबुको कुरा गर्दै आमा रुने गरेको देखेर आमाको काखमा रहेका रनकुमारका साढे दुई वर्षका भाइ चिच्याउने गर्छन्, "आमा, मामाघर जाऊँ।"

सम्पत्तिका नाममा दुईकोठाको घर मात्र रहेको छलुको परिवार उनकै मजदुरीका भरमा पालिएको थियो। छलु अर्काको खेती अधियाँ लगाउँथे। त्यतिले नपुगेर बिहानैदेखि मजदुरीमा जान्थे र दिनभरको कमाइले परिवारको गुजारा गर्थे। उनको मृत्युले परिवारको बिजोक भएको छ। खाना नपाएर भोकभोकै पर्ने स्थिति आइलागेको छ। यही गर्जो टार्न अहिले हिमकुमार मजदुरी खोज्दै हिंड्छन्। तर, उमेरै नपुगेका उनलाई मजदुरी पाउन पनि गाह्रो छ। उनी भन्छन्, "सानै छस्, काम गर्न सक्दैनस् भनेर काम पनि दिंदैनन्, बाबा भइदिए त किन यस्तो हुन्थ्यो र। पढ्न जान्थें होला।" आमा विसरानीका आँसु लोग्नेको मृत्युले अहिलेसम्म रोकिएका छैनन्। उनी विलौना गर्छिन्, "बालबच्चा सानै छन्, आफू कसरी पालिने, उनीहरूलाई कसरी पाल्ने ?"

लोग्नेको मृत्युपछि ४ कक्षामा पढ्ने दुई छोराको पढाइ छुटेको छ। "द्वन्द्वपीडित बच्चाबच्चीलाई दस कक्षासम्म सरकारले निःशुल्क पढाइदिन्छ भन्ने सुनेकी छु तर कहाँ भन्न जानुपर्छ थाहा छैन" विसरानी भन्छिन्, "तर, हामीलाई सहयोग कसैले गरेन, सेनाले किरियाखर्च भनेर दुई हजार दिएको थियो, त्यत्ति हो।"

विसरानीले भोगेको यो पीडा र हिमकुमारका तीन नाबालक दाजुभाइको जस्तै बिजोक भोग्ने धेरै छन्। युद्ध-उन्मादमा निहत्था नागरिकको ख्याल नगर्ने सुरक्षाकर्मी र माओवादीले गर्दा धेरैको जिन्दगी

*बाबु बम विस्फोटमा परेको हिमकुमारले आफ्नै आँखाले देखेका थिए। त्यसैले उनको मानसिक सन्तुलन पनि खल्बलिएको छ। "बाबा यही घरमै हुनुहुन्छ जस्तो लाग्छ। फेरि बमले टुक्राटुक्रा पारेको बाबाको शरीर सम्झन्छु अनि घरमा बस्न डर लाग्छ। चिच्याउँदै रुन मन लाग्छ," हिमकुमार त्रसित हुँदै भन्छन्। त्यो दिन हिमकुमार भाइसँगै साँझको खाना खाइरहेका थिए। एक्कासि बम पड्केको आवाज आयो, दौडँदै घरबाहिर हेर्न जाँदा उनका बाबुको शरीर क्षतविक्षत भइसकेको थियो।*

यसरी नै बर्बाद भएको छ। कलिला मस्तिष्कका नाबालकहरूमा कहिले नमेटिने डरलाग्दो घाउ छाडेको छ युद्धले। त्रिभुवननगर नगरपालिका-१० मिलनचोकको भिमा कुँवरलाई धेरै पढेर नर्स बन्ने मन थियो। तर, उनी साँझबिहानको छाक टार्न आमासँगै गिट्टी कुट्छिन्। अचानक भएको बाबुको मृत्युले उनका सबै सपना चकनाचुर पारिदियो। २०५९ पुसमा सुरक्षाकर्मीले घरभित्रै उनका बाबु चेतबहादुर कुँवरको गोली हानी हत्या गरेका थिए।

बिहानबेलुका आमासँग खोलाकिनारमा गिट्टी कुटे पनि उनी दिउँसो स्कुल जान्छिन्। पढेर नर्स बन्ने उनको धोको अहिले पनि कायमै छ। सम्पत्ति केही नभएपछि रिक्सा चलाएर परिवारको पालनपोषण गर्दै आएका बाबु मारिएपछि परिवारकै बिजोक छ। खानलाउन जुटाउन पनि धौधौ छ। बाबुको मृत्युपछि उनका दाजु केशरको पनि पढाइ छुटेको छ। उनी पढाइ छाडेर बिहानैदेखि कामको खोजीमा निस्कन्छन्। इँटाभट्टा, मिल र कारखानामा मजदुरी खोज्दैमा उनको दिनचर्या बित्छ। भिमा र भाइ केशव भने जसोतसो स्कुल गइरहेका छन्। छोराछोरीको यो बिजोकले आमा विष्णु पनि विह्वल बन्छिन्। "सानो कक्षामा पैसा नलाग्ने रहेछ, त्यसैले यी दुईवटा भने स्कुल जाँदैछन्"- आमा विष्णु कुँवर

*उनको मृत्युले परिवारको बिजोक भएको छ । खाना नपाएर भोकभोकै पर्ने स्थिति आइलागेको छ । यही गर्जो टार्न अहिले हिमकुमार मजदुरी खोज्दै हिँड्छन् । तर, उमेरै नपुगेका उनलाई मजदुरी पाउन पनि गाह्रो छ । उनी भन्छन्, "सानै छस्, काम गर्न सक्दैनस् भनेर काम पनि दिँदैनन्, बाबा भइदिए त किन यस्तो हुन्थ्यो र । पढ्न जान्थें होला ।"*

भन्छिन्, "तर ठूला भएपछि कसरी पाल्ने, कसरी पढाउने होला ?" आफ्नो घर नभएकाले अर्काको घरमा भाडामा बस्नुपर्ने, खाद्यान्नदेखि सबै चिज किन्नैपर्ने, पढेको पनि छैन, हातमा सीप पनि छैन, गिट्टी फोडेर पनि छोराछोरी पढाउन नसकिने रहेछ" कतैबाट सहयोग नपाएको गुनासो गर्दै उनले भनिन् ।

विसरानी र विष्णुका यी नाबालकहरू मात्रै होइनन्, देशमा चलिरहेको काटमार र युद्धले धेरै बालबालिकाको बेहाल भएको छ। कलिलो उमेरमै उनीहरू अनाथ बनेका छन् । सुन्दर भविष्य देख्दै विद्यालय जाने बालबालिकाको पढाइ छुटेको छ। बाल्यकालमै मजदुरीमा घोटिनुपर्ने बाध्यता बनेको छ । यति मात्रै होइन, सानैमा अभिभावक मारिएपछि उनीहरूको कलिलो मस्तिष्कमा डरलाग्दो युद्धको छाप पनि परेको छ । तर, न त युद्धरत पक्षले नै न त राज्यले नै यसमा कुनै चासो देखाएको छ ।

त्रिभुवननगर नगरपालिका- १० नयाँबजारकी राधा गौतमको धेरै पढेर डाक्टर बन्ने र दुःखी, असहायको सेवा गर्ने मन छ। हातखुट्टा राम्रोसँग नचल्ने राधा हाल कक्षा दुईमा पढ्दैछिन् । तर, राधालाई डाक्टर बन्न कसले पढाइदिने हो थाहा छैन । उनका बुबा विष्णु गौतमको २०५८ मंसिर ८ गते माओवादी र सुरक्षाकर्मीबीच दाङ सदरमुकाम घोराहीमा भएको भिडन्तमा ट्राफिकचोक नजिक मृत्यु भएको थियो। बाबुको मृत्युपछि आमाले नाबालक छोराछोरीलाई अलपत्र छाडेर दोस्रो बिहे गरिन् । उनका दुई दाजु आफन्तको सहारामा छन् ।

माओवादीले २०५२ साल फागुन १ गते 'जनयुद्ध'का नाममा हिंसात्मक गतिविधि सुरु गरेपछि हजारौं बालबालिका यसको प्रत्यक्ष मारमा परेका छन्। भन्नलाई "बालबालिका शान्तिक्षेत्र हुन्, उनीहरूलाई युद्धको प्रभावबाट जोगाउनुपर्छ" भन्ने नाराको खुबै प्रचार भए पनि माओवादी, सुरक्षाकर्मी कसैले यसमा ध्यान दिएका छैनन् । युद्धका नाममा सयौं बालबालिका मारिएका छन् भने हजारौं अपांग तथा हजारौं अभिभावकविहीन भएका छन् । विस्थापित भएका र युद्धको अन्य मार खेपिरहेका बालबालिकाको त कति संख्या छ त्यो नै यकिन छैन ।

जिल्ला बाल कल्याण समिति दाङका अनुसार, दाङ जिल्लाभित्र ७ सयजना बालबालिका द्वन्द्वपीडित रहेको तथ्यांक छ। यसमध्ये बढी बालबालिका राज्यपक्षद्वारा पीडित छन् । माओवादीबाट पीडित केहीले द्वन्द्वपीडित छात्रवृत्ति पाए पनि राज्यपक्षबाट पीडितले केही सहयोग कतैबाट पाएका छैनन् ।

जिल्ला बाल कल्याण समितिकी कार्यक्रम अधिकृत रश्मी पाण्डे भन्छिन्, "हामीले विभिन्न संघसंस्थासँग समन्वय गरेर सम्पर्कमा आएका बच्चालाई छात्रवृत्ति प्रदान गर्ने प्रयास गर्छौं, तर यसमा सबै समेटिंदैनन् ।" उनीहरूले पाउने पनि दुई-चारवटा कापी र सिसाकलम मात्रै हो । यसबाहेक कुनै सहयोग उपलब्ध छैन ।

राज्यपक्ष वा माओवादी जसका कारण पीडा भोगिरहेका बालबालिका भए पनि उनीहरूको संरक्षण र सहयोग गर्ने दायित्व राज्यको हो । तर, राज्यले त्यसो गर्नु त परै जाओस्, कति बालबालिकालाई त 'आतंककारीका छोराछोरी' भन्दै दुर्व्यवहारसमेत गर्ने गरेको छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# एचआईभी सङ्क्रमित महिलाहरू

*उनी यौनकर्मी होइनन् । लागूऔषध सेवन गर्ने दुर्व्यसनी पनि होइनन् । तर पनि उनी एचआईभी सङ्क्रमित बन्न पुगिन् । सङ्क्रमित भएर के भो र ! उनी हिजोआज व्यस्त हुन थालेकी छन्, सामाजिक जनचेतना फैलाउन । एचआईभी सङ्क्रमित पूर्वाञ्चलका धेरै महिला अरूलाई भरोसा दिन पनि मिडियामार्फत बाहिर आउन चाहेको बताउँछन् । उनीहरूलाई आफू सङ्क्रमित भएकोमा भन्दा पनि अरू नयाँले जीवन बर्बाद गर्लान् कि भन्ने चिन्ता बढी छ । त्यसैले त उनीहरू यो यति ठूलो समस्या होइन भनेर अरूलाई विश्वास दिलाउन पनि आफूहरू नै काममा जुटेका छन् ।*

✍ **मनिता चाम्लिङ**

**सुनसरी**/इटहरी घर भई हाल धरानमा बस्दै आएकी २८ वर्षीया संगीता राई आफ्ना लागूऔषध प्रयोगकर्ता पतिद्वारा सङ्क्रमित बन्न पुगेकी हुन् । एचआईभी सङ्क्रमित महिलाहरूलाई समाजले मात्र नभएर आफ्नै परिवारले समेत भेदभावको दृष्टिकोणले हेर्न थालेपछि उनी सामाजिक कार्यमा व्यस्त हुन पुगेकी छन् ।

उनी भन्छिन्, "मान्छे जन्मेपछि मृत्यु त एकदिन निश्चित नै छ, त्यसैले बाँचुञ्जेलसम्म म जनचेतनामूलक काम गरी समाजका युवायुवतीहरूलाई सचेत गराउँछु ।"

सङ्क्रमित संगीता दृढ स्वरमा भन्छिन्, "पतिद्वारा महिलाहरू सङ्क्रमित भए तापनि घरपरिवारले आफ्ना बुहारीमाथि नै औंला ठड्याउने गर्छन् ।" सुरुमा उनले पनि परिवारबाट भेदभाव र लाञ्छना भोग्नुपरेको थियो । तर, उनी अहिले आफूलाई परिवारले गर्ने भेदभाव र लाञ्छनामा निकै परिवर्तन आएको बताउँछिन् । संगीताका १० र ८ वर्षका छोराहरू छन् । तर उनका बच्चाहरू भने सङ्क्रमित छैनन् ।

दुई वर्षअघि संगीता नयाँ गोरेटो रेडियो कार्यक्रममार्फत लागूऔषध दुर्व्यसन तथा एचआईभी/एड्सको बारेमा जनचेतना फैलाउने काममा लागिन् । उक्त रेडियो कार्यक्रम सकारात्मक परिवर्तन ल्याउने माध्यम बनेको थियो । सङ्क्रमितलाई बेवास्ता गरेमा खुलेर आएका पनि पुनः निरास भई समाजमा लुकेर बस्ने गरेको पनि

*संगीताजस्तै धरान-७ मा बस्ने रञ्जना श्रेष्ठ पनि आफ्ना लागूऔषध प्रयोगकर्ता श्रीमान्‌बाट एचआईभी सङ्क्रमित भएकी हुन् । सुरुमा खुलेर आउँदा समाजले नराम्रो दृष्टिकोणले हेर्ने हो कि ? भन्ने डर रञ्जनालाई थियो । उनी भन्छिन्, 'मिडियामा पुरुष सङ्क्रमितहरूको मात्र कुरा उठ्दा मेरो पनि समाजप्रति दायित्व छ भन्ने सोचेर आफू पनि बाहिर आएको बताउँछिन् । उनी मिडियामार्फत नै आफू सङ्क्रमित भएको आफ्नो परिवारलाई थाहा दिन चाहन्छिन् । उनी सङ्क्रमित भएको कुरा उनका श्रीमान्‌लाई भने थाहा छ ।*

पाइएको उनी बताउँछिन् । उनीहरूले समाजलाई नै झन् जोखिममा पार्ने संगीताको धारणा छ । जोसिलो स्वरमा भन्छिन्, "एचआईभी सङ्क्रमितहरू कुनै ग्रहबाट आएका होइनन्, उनीहरू यही समाजका मान्छे हुन् भन्ने सबैले सोच्न जरुरी छ । रोग त सबैलाई लाग्छ नै तर एचआईभी पनि रोग हो भनी हेर्ने र बुझ्ने कुरामा परिवर्तन आउनुपर्दछ ।"

संगीता अहिले राष्ट्रिय एचआईभी/एड्स महासंघ नेपाल (एनएपीएन) धरान शाखाको सहसंयोजकमा रही लागूऔषध दुर्व्यसन र एचआईभी/एड्सको बारेमा जनचेतना जगाउन सक्रिय रहँदै आएकी छिन्।

समाजमा खुलेर आएका सङ्क्रमित महिलाहरूलाई पुनर्स्थापित गरेर रोजगारीका लागि जनचेतना फैलाउने कार्यमा लागेकी छन् उनी। जसले गर्दा प्रत्येक घरघरमा लुकेर रहेका सङ्क्रमित महिलाहरू खुलेर आउन सक्ने संगीता बताउँछिन्।

संगीताजस्तै धरान-७ मा बस्ने रञ्जना श्रेष्ठ पनि आफ्ना लागूऔषध प्रयोगकर्ता श्रीमान्बाट एचआईभी सङ्क्रमित भएकी हुन्। सुरुमा खुलेर आउँदा समाजले नराम्रो दृष्टिकोणले हेर्ने हो कि ? भन्ने डर रञ्जनालाई थियो। उनी भन्छिन्– मिडियामा पुरुष सङ्क्रमितहरूको मात्र कुरा उठ्दा मेरो पनि समाजप्रति दायित्व छ भन्ने सोचेर आफू पनि बाहिर आएको बताउँछिन्। उनी मिडियामार्फत नै आफू सङ्क्रमित भएको आफ्नो परिवारलाई थाहा दिन चाहन्छिन्। उनी सङ्क्रमित भएको कुरा उनका श्रीमान्लाई भने थाहा छ।

धरान पोजेटिभ ग्रुपमा स्वयम्सेवकको रूपमा कार्यरत रञ्जना नेपाल परिवार नियोजन संघ धरानमा परामर्शदाताको रूपमा कार्यरत छिन्। रञ्जनाका १४ र ९ वर्षका छोरी र छोरा छन्। उनका छोराछोरी भने सङ्क्रमित छैनन्।

उनी भन्छिन्, "सम्बन्धित संघसंस्थाले पनि रोग प्रतिरोधात्मक क्षमता गणना गर्ने उपकरण (सीडी फोर काउन्ट) र एआरभी (एण्टी रेक्ट्रो भाइरल) औषधिको बारेमा विकट गाउँहरूमा जनचेतना पुऱ्याउन जरुरी छ।" शहरमा मात्र नभएर पछिल्ला समयमा गाउँमा पनि सङ्क्रमित देखिन थालेकाले सीडीफोर काउन्ट र एण्टी रेक्ट्रो भाइरल उपलब्ध गराउनुपर्ने उनको धारणा छ। अबका दिनमा सङ्क्रमित महिला अधिकारको बारेमा आवाज उठाउने र जनचेतना छर्दै दिन बिताउने रञ्जना बताउँछिन्। उनी भन्छिन्, "अब चाँडै नै सङ्क्रमित महिलाको समूह गठन गरी जनचेतनामूलक काम गर्ने लक्ष्य लिएकी छु।"

रञ्जनाका अनुसार इटहरी र धरानमा मात्र सङ्क्रमित महिलाको संख्या १५ देखि २० सम्म पाइएको छ। उनीहरू धरान पोजेटिभ ग्रुपको

*"मृत्यु त एक दिन सबैको निश्चित छ, एचआईभी सङ्क्रमितहरूले पनि बाँचुन्जेलसम्म अरूसरह काम गर्न सक्छन्, उनीहरू सङ्क्रमित भएको थाहा पाएमा धेरैजसो सरकारी कार्यालयले कामबाट निकालिदिएको घटना पनि हामीमाझ नै छ।" राज्यले भेदभाव र लाञ्छना लगाउनेहरूलाई कारबाही गर्न सक्ने कानुनसमेत बनाउनुपर्ने अध्यक्ष श्रेष्ठ बताउँछन्।*

सम्पर्कमा आए तापनि समाजमा भने खुलेर आउन सकेका छैनन्। सङ्क्रमित महिला विवाहित र अविवाहित दुवैखाले रहेको ग्रुपले जनाएको छ। तीमध्ये कतिपय रेष्टुरेण्टमा काम पनि गर्छन्।

गाउँका महिलामा एचआईभी/एड्सको बारेमा जनचेतना नपुगेकाले कतिपय महिलाहरू विदेश गएका आफ्ना पतिबाट सङ्क्रमित भएका छन्। रोजगारीका सिलसिलामा गुजरात गएर फर्किएका पतिबाट अनिता गौतम सङ्क्रमित बन्न पुगिन्। उनी सुनसरीको चक्रघट्टी-२ मा बस्छिन्। भन्छिन्, "पहिलोपटक रगत परीक्षण गर्दा एचआईभी सङ्क्रमित भएको थाहा पाउँदा नराम्रो लाग्यो, तर के गर्ने रोगले धनी, गरिब भन्दोरहेनछ।"

आफू अञ्जानमा नै सङ्क्रमित बन्न पुगेकोले समाजमा रहेका निर्दोष महिलाका निम्ति पनि आफू लागूऔषध दुर्व्यसन र एचआईभी/एड्सको बारेमा जनचेतना छर्न खुलेर आएको अनिता बताउँछिन्।

उनका पतिको मृत्यु भएको २ वर्ष भयो। उनी पहिला इटहरीमा सब्जी व्यापार गर्दै आएकी थिइन्। अहिले उनी नेपाल परिवार नियोजन संघ सुनसरीमा स्वयम्सेविका भएर जनचेतना फैल्याउँदैछिन्। उनका एक छोरा र एक छोरी इटहरीस्थित एसओएस बालग्राममा रहेका छन्। उनीहरू पनि सङ्क्रमित छैनन्।

लागूऔषध दुर्व्यसन तथा एचआईभी/एड्सबारे परामर्श केन्द्रहरू खोलिए तापनि अहिले निस्क्रिय रहेको जानकारी दिँदै अनिता

भन्छिन्, "पहिला त मलाई समाजमा खुलेर आउनुपर्छ भन्ने ज्ञान नै थिएन, तर पछि थुप्रै जनचेतनामूलक कार्यक्रमहरूमा सहभागी भई कुरा सुनेपछि मलाई पनि जनचेतना छर्ने काममा लाग्न मन लाग्यो, अनि खुलेर आएँ।" सङ्क्रमितहरू पनि अरू मानिससरह काम गर्न सक्ने भएकोले नेपाल सरकारले सङ्क्रमितहरूलाई पनि रोजगार प्रदान गर्नुपर्ने अनिता बताउँछिन्।

पूर्वाञ्चलभरिमा महिला र पुरुष सङ्क्रमितहरूको संख्या १ सय ७८ रहेको छ। धरान पोजेटिभ ग्रुपमा खुलेर आएका महिला र पुरुषहरूको संख्या सन् २००६ मा मात्र ४६ जना रहेको धरान पोजेटिभ ग्रुपले जनाएको छ। सङ्क्रमितमध्ये २३ जनाको मृत्यु भइसकेको छ।

एचआईभी/एड्सलाई प्राणघातक रोग हो भनी नकारात्मक प्रचारमा ल्याइएकोले जनमानसमा अर्कै छाप परेको छ। यसका लागि सरकारले चेतनामूलक कार्यक्रम ल्याउन जरुरी रहेको ग्रुपका अध्यक्ष नरेशलाल श्रेष्ठले बताए।

उनी भन्छन्, "मृत्यु त एक दिन सबैको निश्चित छ, एचआईभी सङ्क्रमितहरूले पनि बाँचुञ्जेलसम्म अरूसरह काम गर्न सक्छन्, उनीहरू सङ्क्रमित भएको थाहा पाएमा धेरैजसो सरकारी कार्यालयले कामबाट निकालिदिएको घटना पनि हामीमाझ नै छ।" राज्यले भेदभाव र लाञ्छना लगाउनेहरूलाई कारबाही गर्न सक्ने कानुनसमेत बनाउनुपर्ने अध्यक्ष श्रेष्ठ बताउँछन्।

नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा थुप्रै कार्यहरू गर्दै आए तापनि एचआईभी सङ्क्रमितहरूका लागि कुनै कार्य गर्न सकेको छैन। अब एचआईभी सङ्क्रमितहरूका लागि रोजगारको बारेमा समेत सरकारले पहल गर्नुपर्ने अध्यक्ष श्रेष्ठले बताए।

उनी भन्छन्, "सङ्क्रमितहरूले एआरभी (एण्टी रेक्ट्रो भाइरल) खान ट्रायलमा बस्नुपर्ने हुन्छ, कतिपय सङ्क्रमितहरू निम्न वर्गका भएकाले एआरभी खान पनि सक्दैनन्।" रोग प्रतिरोधात्मक क्षमता गणना गर्ने उपकरण सबै अस्पतालमा सहज तरिकाले उपलब्ध गराएमा सङ्क्रमितको आयु लम्बिने उनको धारणा छ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# गंगाको तीरमा लुकेको पीर

***कपास छोडेर धागाका बत्तीको प्रचलनले धेरैलाई सुविधा त भएको छ। तर बत्तीको स्रोतका आधारमा गंगाको किनारमा बाँचेका बेसहारा भक्तिनीहरूलाई भने यस्तो प्रचलनले बिजोक गराएको छ। मोक्षका निम्ति भगवान्‌को भक्तिमा लागेका भनिएका भक्तिनीहरू नै भोकमरीले मर्ने स्थिति भएको छ। रिडी नदी किनारका भक्तिनी टोलमा सात सयभन्दा बढी भक्तिनीहरू बस्दै आएका छन्। सजिलो मृत्यु र मुक्तिका लागि उनीहरूले अन्तिम समयमा नदी छेउ रोजेका हुन्।***

**✍ अमृता अनमोल**

**बुटवल**/ ६८ वर्षीय बूढो शरीर, त्यसैमाथि दमकी रोगी। छाती र घाँटी दुखिरहन्छ। कति रात त सासै अड्किने गरेको छ। उठेर गंगामा नुहाउन जान पनि नसक्ने भएकी छन्। तैपनि भक्तिनी कमलादेवीले उपचार गराएकी छैनन्। "आम्दानी भनेकै बत्ती थिए। यिनै पनि ३-४ वर्षयता ठ्याम्मै बिक्दैनन्। एकछाक धान्न त मुस्किल छ। औषधि गर्न त्यत्रो पैसा कहाँबाट जुटाऊँ ?" उनले दुःखेसो पोखिन्।

कमलादेवी अर्घाखाँची बल्कोटकी हुन्। ३० वर्षको उमेरमा उनी भक्तिनी बनेर रुरुक्षेत्र (रिडी) झरेकी थिइन्। त्यसपछि लगातार भान्जादाइको जीर्ण र पुरानो घरमा बस्दै आएकी छिन्। जहाँ

दैनिक बिहान गंगामा जल चढाउनु, दिनभर बत्ती कात्नु र साँझ भजनकीर्तन गर्नु उनको दैनिकी बनेको छ ।

उनको घर, सम्पत्ति छैन न त आफ्ना मान्छे नै । ६ वर्षमै बिहे भएकी कमलादेवीले १५ दिनमै श्रीमान् गुमाइन् । अबोध बालिकाजस्तै उनलाई त्यो उमेरमा ६ महिना बरखी बार्न लगाइयो । त्यसपछि माइतघरको आश्रय लिन बाध्य भइन् । तर परिस्थिति सधैं एकै रहेन । माया गर्ने बाबुआमा मरिहाले । भाइबुहारीहरूका लागि उनी उल्टै आँखाको कसिंगर बन्न पुगिन् । न सहाराभरोसा कोही, न त जाने ठाउँ । छिमेकीहरूले उनलाई भक्तिनी बन्न सल्लाह दिए । र, बत्ती कात्दै जीवन निर्वाह गर्ने उपाय बताए । विकल्प भक्तिनी बन्नुभन्दा अरू थिएन । "जसोतसो बत्ती कातेर भक्तिनी भएर जीउ धानुला । गंगाको तीरमा पुगेपछि बाँचुन्जेल पाल्न र मरेपछि फाल्न पनि कसैलाई नपरोस् । भगवान्को भक्ति गरे अर्को जुनीमा मुक्ति मिल्ला । यस्तै सोचेर यहाँ आएकी हुँ," कमलादेवी अतीत सुनाउँछिन् ।

तर समयले कमलादेवीको सोचाइमा ठेस पुऱ्यायो । अहिले त बत्ती कातेर जीउ धान्ने उनको आशा निराशामा बदलिएको छ । ४ वर्षयता उनका एकै मुठा पनि बत्ती बिकेका छैनन् ।

त्यसैगरी बत्ती कातेरै जीवन धान्दै आएकी भक्तिनी जयन्तादेवीको अवस्था झनै दयनीय छ । ८८ वर्षीया वृद्ध जयन्तादेवी दमकी बिरामी छन् । चुहिने छानामुनिको बास । आँखाले मान्छे ठम्याउन सक्दिनन् । तर, अँध्यारो कुनामुनि बसेर बत्ती कातिरहेकी हुन्छिन् उनी । त्यसरी कातेका उनका बत्ती २ वर्षयता बिकेका छैनन् । तैपनि बत्ती कात्न छोडेकी भने छैनन् ।

"परार साल माघेसंक्रान्तिमा अरूले भन्दा प्रतिमुठा (प्रतिहजार) १० रुपैयाँ थोरैमा बेचेंथें । त्यसयता त ठ्याम्मै भएको छ । सास छँदासम्म आश, जसोतसो यी बत्ती कातिरहेकी छु," जयन्तादेवीले व्यथा खोलिन् ।

दुःख पोख्ने भक्तिनी दिदीबहिनीहरूबाहेक जयन्तादेवीका अरू कोही छैनन् । १४ वर्षे विधवा उनी १५ वर्षमै रिडी झरेकी थिइन् । र, १६ वर्षमै भक्तिनी बनिन् । त्यसपछि उनले न घर न माइती कसैको मुख देखेकी छैनन् । उनको खोजबिन गरून् पो कसले ? घरमा विधुर ससुरा, माइतमा सौतेनी आमा र उनैका छोराछोरी । "श्रीमान् मरिहाले, घर, माइतमा अटाइनँ । बत्ती कातेर बाचुँला भन्दै भक्तिनी बनें । अब त त्यो आशा पनि रहेन ।" कमलादेवी, जयन्तादेवीहरू त प्रतिनिधि पात्र मात्र हुन् । उनीहरूजस्ता सयौं भक्तिनीको अवस्था अहिले त्यस्तै छ । एकछाक रुखोसुखो खान पनि धौ-धौ छ उनीहरूलाई । भक्तिनी टोलका एक पुजारी भन्छन्, "यो अवस्थाका भक्तिनीलाई उद्धार गर्ने विकल्प खोजिएन भने उनीहरू भोकभोकै मर्नेछन् ।"

पाल्पा र गुल्मीको सिमानामा पर्ने (रुरुक्षेत्र) रिडीको कालिगण्डकी नदी किनारमा परिवार र समाजबाट एक्लिएका, अपहेलित, बेसहारा र एकल सयौं महिला यसरी नै जीवन बिताउन बाध्य छन् । तीमध्ये अर्घाखाँची, गुल्मी, पाल्पा, प्युठान, स्याङ्जा र बाग्लुङका एकल महिलाहरू बढी छन् ।

यो रिडी क्षेत्रमा गुल्मी जिल्लाको विष्णुपञ्जर क्षेत्रका वडा नं. ४, ५ र ६ तथा पाल्पा जिल्लामा पर्ने ऋषिकेश मन्दिर वरपर थुप्रै भक्तिनीहरू बसेका छन् । जहाँ लस्करै पुराना र जीर्ण अवस्थाका टिनले छाएका घरहरू देखिन्छन् । त्यही नै सयौं भक्तिनीहरूको आश्रयस्थल हो । तर

*६ वर्षमै बिहे भएकी कमलादेवीले १५ दिनमै श्रीमान् गुमाइन् । अबोध बालिकाजस्तै उनलाई त्यो उमेरमा ६ महिना बरखी बार्न लगाइयो । त्यसपछि माइतघरको आश्रय लिन बाध्य भइन् । तर परिस्थिति सधैं एकै रहेन । माया गर्ने बाबुआमा मरिहाले । भाइबुहारीहरूका लागि उनी उल्टै आँखाको कसिंगर बन्न पुगिन् । न सहाराभरोसा कोही, न त जाने ठाउँ । छिमेकीहरूले उनलाई भक्तिनी बन्न सल्लाह दिए । र, बत्ती कात्दै जीवन निर्वाह गर्ने उपाय बताए ।*

*बत्ती कातेरै जीवन धान्दै आएकी भक्तिनी जयन्तादेवीको अवस्था झनै दयनीय छ । ८८ वर्षीया वृद्ध जयन्तादेवी दमकी बिरामी छन् । चुहिने छानामुनिको बास । आँखाले मान्छे ठम्याउन सक्दिनन् । तर, अँध्यारो कुनामुनि बसेर बत्ती कातिरहेकी हुन्छिन् उनी । त्यसरी कातेका उनका बत्ती २ वर्षयता बिकेका छैनन् । तैपनि बत्ती कात्न छोडेकी भने छैनन् ।*

पनि यस्ता भक्तिनीहरूको कसैले तथ्याङ्क राखेको छैन ।

विष्णुपञ्जर क्षेत्रका पुजारी मुक्तिराम खनालका अनुमानमा भने भक्तिनीहरूको संख्या सात सयभन्दा बढी रहेको छ ।

पुजारी खनालका अनुसार यहाँका सबैजसो भक्तिनीहरू पीडित छन् । तर, उनीहरूमा एकै किसिमका समस्या भने छैनन् । २० प्रतिशत एकल महिला जीवनको अन्तिम समयमा गंगाको तीरमा प्राण त्याग्ने इच्छाले भक्तिनी बनेका छन् । उनीहरूसँग केही नगद या बैंक ब्यालेन्स पनि छ । जसले एक्लै भए पनि सहज जीवन बिताएका छन् । तर ८० प्रतिशत भक्तिनीहरू समाजबाट अपहेलित भएर, सताइएर, नरुचाइएर र एक्लिएर यहाँ झर्न बाध्य भएका छन् । यस्ता भक्तिनीहरूसँग घरवास, आफ्ना मान्छे, सम्पत्ति केही छैन । बत्ती कातेर जेनतेन एक छाक धान्नु उनीहरूको नियति हो । विडम्बना, तिनै बत्ती पनि बिक्न छोडेपछि खाने छाक अड्किन थालेको छ । एकसरो फेर्ने लुगाको ठूलो संकट पैदा भएको छ । जसले गर्दा कालिगण्डकी तीरका जीर्ण झुप्रामा ती भक्तिनीहरू कष्टपूर्ण जीवन गुजार्दै छन् । र, दुःख मुक्तिका लागि छिटो मृत्युको कामना गरिरहेका छन् ।

केही समयअघिसम्म प्रतिहजार ३ सुते २० रुपैयाँ, ५ सुते २० रुपैयाँ, ७ सुते २५ रुपैयाँ र ११ सुते ५० रुपैयाँमा खुरुखुरु बिक्दथे । जसबाट उनीहरूले सजिलै एकछाक खाना जुटाउँथे । तर, अहिले त्यस्तो अवस्था छैन । उनीहरूले दुःखजिलो गरेर कातेका बत्ती बिक्न छाडेका छन् ।

२० वर्षदेखि भक्तिनीटोलमा बस्दै आएका पुजारी नारायण शर्मा भन्छन्, "पहिलेपहिलेजस्तो अहिले मान्छेहरू धार्मिक कार्य त्यति गर्दैनन् । पहिले गंगामा बत्ती जलाउनेहरूको निकै भीड हुन्थ्यो । अहिले मुस्किलले दुई-चारजना मात्र भेटिन्छन् । यस्तो अवस्थामा भक्तिनीहरूका बत्ती कसरी बिकून् ?"

कारण त्यो मात्र होइन । बिरलै बत्ती जलाउनेहरूले पनि अहिले धागोबाट कातेका बत्ती जलाउन थालेका छन् । जसले गर्दा भक्तिनीहरूले कपासबाट हातले कातेका बत्तीको व्यापार ठप्प भएको छ ।

"पहिले कपासबाहेक अरूका बत्ती जलाउने चलन थिएन । दुई-चार दिनदेखि बत्ती खोज्न, सोध्न मानिसहरू धाउँथे । अहिले त धागोका बत्तीहरू ल्याई जलाएर जान्छन् ।," ऋषिकेश मन्दिरका मूल पुजारी कृष्ण भट्टराईले बताए ।

रिडीकी ७२ वर्षीया नीरमाया भारी पनि ५ वर्षयता धागोका बत्ती जलाउने गरेको बताउँछिन् । भन्छिन्, "घरमै धागो ल्यायो, आफैंले सुइँसुइँ बाट्यो । सस्तो पनि हुने, घरमा बनाउन पनि सकिने । आखिर बत्ती त बत्ती नै हुन् । यस्तो सजिलो छोडेर कपासका बत्तीको झन्झट कसले गरोस् ?"

कपास छोडेर धागाका बत्तीको प्रचलनले धेरैलाई सुविधा भएको छ । तर बत्तीको आधारमा बाँचेका बेसहारा भक्तिनीहरूको भने रोजगारी खोसिएको छ ।

हुन त रिडीक्षेत्रमा पनि करिब ३ वर्षअघि वृद्धाश्रम बनेको छ । तर, बेसहारा यी भक्तिनीहरू त्यहाँ बसेका छैनन् । वृद्धाश्रमले आफूहरूका लागि केही नगरेको गुनासो भक्तिनीहरूको छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# विदेशिएकाहरूको पीडा

**लामो समय भयो वैदेशिक रोजगारका लागि अरब राष्ट्रलगायतका मुलुकमा कामदारहरू ठगिने गरेको विषय बाहिर आएको। रोजगारीका लागि विदेश जाने पुरुषभन्दा बढी महिलाहरू ठगिएका छन्। सधैं नै जसो यो विषय कुनै सरकारका लागि नयाँ बनेनन् विगतमा। तर यसलाई कम गर्नपट्टि भन्दा पनि कानुन र नीति पास गर्नतिर खर्च भयो समय। तर अहिले लोकतान्त्रिक सरकारले ठूलो उदारता देखाएर संसद्बाट महिलालाई वैदेशिक रोजगारमा जान कुनै पनि तहबाट रोक नलगाउने भनेर यसै आर्थिक वर्षको बजेटमार्फत घोषणा गर्‍यो। तर कतिपय व्यावहारिक पक्ष भने ज्युँका त्युँ। श्रम मन्त्रालयको हो कि परराष्ट्रको जिम्मेवारी हो भनेर त्यसै पन्छिने काम भएको छ जसले गर्दा महिला नै पीडित भएका छन् विदेशमा पनि।**

**✍ अमिका राजथला**

**काठमाडौं**/ घरमा सामान्य काम गरेको आधारमा विदेश जाने महिलाहरूबाट एउटा 'पर्फेक्ट कुक' ले तयार गर्ने खालको खानाको अपेक्षा गरिन्छ। बिनातालिम तथा नाम मात्रको तालिमको आधारमा विदेश गएका महिलाले आधुनिक उपकरण प्रयोग गर्नसमेत जान्दैनन्। जसले गर्दा त्यहाँ उनीहरूले मालिकबाटै पिटाइ खानुपरेका घटना बाहिर आएका छन्। ओमनमा पाँच वर्ष काम गरेर केही महिनाअघि फर्किएकी चन्दा थापा भन्छिन्, "स्थानीय भाषा नजान्दा इसाराको भरमा काम गर्नुपर्ने हुन्छ। वासिङमेसिन, ओभन, मिक्स्चर, ग्यासजस्ता आधुनिक सामग्रीहरू चलाउन नजान्दा गाउँबाट गएका महिला तीन-चार महिना त रोएरै बिताउँछन्।"

विगत केही वर्षयता सरकारले वैदेशिक रोजगारलाई राष्ट्रिय प्राथमिकताको सूचीमा राख्ने प्रयास गर्दै आएको छ। जसको फलस्वरूप गएको आर्थिक वर्ष ०५९/०६० मा न्यूनतम एक लाख युवायुवतीलाई वैदेशिक रोजगारीमा पठाउने नीति अवलम्बन गरेको थियो। सरकारको उक्त नीति लागू गर्न तत्कालीन राष्ट्रिय महिला आयोग तथा रोजगार प्रवर्द्धन आयोगको पहलमा द्वन्द्वपीडित क्षेत्रका महिलालाई रोजगारका लागि हङकङ, इजरायल र दुबईजस्ता मुलुकमा पठाइएको थियो। २०५४ सालमा खाडी राष्ट्रमा कानी शेर्पा मारिएपछि तत्कालीन सरकारले महिलालाई कामदारको रूपमा खाडी मुलुकमा जान प्रतिबन्ध लगाएको थियो। तर,

*अन्तर्राष्ट्रियस्तरमा अरबी राष्ट्रहरू आलोचित हुन थालेपछि केही वर्षयता वैदेशिक रोजगारमा गएकाहरूका लागि 'श्रम अदालत' को व्यवस्था गरिएको छ। घरमालिकले तीन महिनासम्म पनि तलब नदिएको खण्डमा श्रम अदालत जान पाउने व्यवस्था छ। तर सो अदालतबाट नेपाली महिलाहरूले त्यति फाइदा लिन नसकेको चन्दा बताउँछिन्। किन त ? चन्दा थप्छिन्, "घरबाट निस्कने वातावरण नै हुँदैन भने श्रम अदालतसम्म कसरी जाने ? त्यहाँसम्म जाने नेपाली महिलाको क्षमता नै छैन।"*

महिलालाई खाडी राष्ट्र जान लगाइएको प्रतिबन्धप्रति व्यापक विरोध पनि भयो। पछि उक्त व्यवस्थालाई २०५९ सालमा फुकुवा गरिएको थियो। भर्खरै मात्र नेपाल सरकारले घरेलु कामदारको रूपमा वैदेशिक रोजगारमा जान चाहने महिलाका लागि लगाइएको बन्देज पूर्णरूपले हटाएको छ। महिलाहरू सशक्त रूपमा अगाडि बढ्न चाहेको हालको अवस्थामा

सरकारको यो पहलले वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई अझै प्रोत्साहित गर्ने कुरामा दुईमत छैन ।

ओमनमा नेपाली समाजकी पूर्वसचिव रहेकी चन्दा थापाका अनुसार धरानकी रूपा गुरुङ (परिवर्तित नाम) ले घरमालिकबाट पटकपटक बलात्कार प्रयास सहन नसकेपछि आत्महत्या गरेकी थिइन् । यस्तै रसुवाको लुम्साङ गाविस, खार्पाङ तामाङकी छोरी मैया तामाङ (नाम परिवर्तित) ले ओमन गएको करिब ६ वर्षसम्म पैसा पठाइनन् । उनलाई घरमालिकले पैसा नदिएको थापा बताउँछिन् । तलब त मालिकले दिएनन्-दिएनन्, उल्टै घरमा कुनै सामान टुटफुट हुँदा चरम यातना दिने गरेको थापा बताउँछिन् । मैया तामाङको उद्धार गरेर मात्र फर्कने आफ्नो इच्छा पूरा नभएको पूर्वसचिव थापा बताउँछिन् ।

विगत केही वर्षयता अरब राष्ट्रमा वैदेशिक रोजगारमा जानेलाई दिइएको चरम यातनाको व्यापक विरोध भयो । अन्तर्राष्ट्रियस्तरमा अरबी राष्ट्रहरू आलोचित हुन थालेपछि केही वर्षयता वैदेशिक रोजगारमा गएकाहरूका लागि 'श्रम अदालत' को व्यवस्था गरिएको छ । घरमालिकले तीन महिनासम्म पनि तलब नदिएको खण्डमा श्रम अदालत जान पाउने व्यवस्था छ । तर सो अदालतबाट नेपाली महिलाहरूले त्यति फाइदा लिन नसकेको चन्दा बताउँछिन् । किन त ? चन्दा थप्छिन्, 'घरबाट निस्कने वातावरण नै हुँदैन भने श्रम अदालतसम्म कसरी जाने ? त्यहाँसम्म जाने नेपाली महिलाको क्षमता नै छैन ।' तर केहीले त उक्त अदालतबाट न्याय पनि पाएको चन्दा बताउँछिन् । चन्दाका अनुसार एक नेपाली महिलालाई घर फर्किने टिकट मालिकले नै ल्याइदिए । तर उनी फर्किने बेलासम्म मालिकले तलब भने दिएनन् । उत्ति नै बेला उनले श्रमअदालतमा उजुरी हालिन् । पैसा पाउन पनि सफल भइन् ।

यसैगरी खाडी मुलुकमा हुने व्यापक श्रमलगायतका शोषणको विषयलाई लिएर खाडी मुलुकका राष्ट्रहरू गोलबद्ध भए । वैदेशिक रोजगारमा गएकाको हितमा काम गर्न तीन वर्षअगाडि घोषणापत्र त जारी गरियो तर प्रभावकारी

*श्रम अदालतसम्म नेपाली महिलाको पहुँच नभएको उदाहरण चन्दा थापा हुन् । उनी एकजना सैनिक जनरल कमाण्डरको घरमा काम गर्दै आएकी थिइन् । एक दिन उनी नजिकैको अर्को घरमा काम गर्न बसेकी नेपाली बहिनीलाई लिएर अस्पताल गइन् । उनी फर्किंदा मालिकले तोकेको समयभन्दा अलि अबेर भएको थियो । यही कारणले उनलाई घर छोड्न भनियो । तर, उनले त्यो घर मात्र होइन, पीडित बिरामी बहिनीसहित त्यो देश नै छाडेर नेपाल फर्किइन् ।*

हुन नसकेको कुरा युनिफेमकी सरु जोशी बताउनुहुन्छ ।

श्रम अदालतसम्म नेपाली महिलाको पहुँच नभएको उदाहरण चन्दा थापा हुन् । उनी एकजना सैनिक जनरल कमाण्डरको घरमा काम गर्दै आएकी थिइन् । एक दिन उनी नजिकैको अर्को घरमा काम गर्न बसेकी नेपाली बहिनीलाई लिएर अस्पताल गइन् । उनी फर्किंदा मालिकले तोकेको समयभन्दा अलि अबेर भएको थियो । यही कारणले उनलाई घर छोड्न भनियो । तर, उनले त्यो घर मात्र होइन, पीडित बिरामी बहिनीसहित त्यो देश नै छाडेर नेपाल फर्किइन् ।

माइती नेपालकी अध्यक्ष अनुराधा कोइराला वैदेशिक रोजगारमा गएका महिलाहरू यौन दुर्व्यवहारबाट पनि पीडित भइरहेका छन् भन्नुहुन्छ । थुप्रै महिलाहरूको ध्यानाकर्षण पत्र माइती नेपालमा दर्ता भएको जानकारी दिनुहुन्छ । उहा“ प्रत्येक महिलालाई हिंसाबाट मुक्त गराउन वैदेशिक रोजगारमा पठाउने श्रम मन्त्रालय र कूटनीतिक क्षेत्रको नेतृत्व लिने परराष्ट्र मन्त्रालयबीच संयोजन हुनुपर्ने बताउनुहुन्छ ।

अधिकांश महिलाहरू गैरकानुनी तवरले तालिम नलिई वैदेशिक रोजगारमा गएका कारणले

*तर, परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव भगिरथ बस्नेतले बिनाउजुरी मन्त्रालयले पनि सबै मुलुकमा यस्तो विवरण बुझ्न नसक्ने बताउनुभयो । संसद्मा मस्यौदा प्रस्तुत हुने क्रममा रहेको छ । तर, एक-अर्का मन्त्रालयले आफ्नो जिम्मेवारी होइन भनेर पन्छिने काम गरे भने विदेशमा नेपाली महिला अलपत्र पर्ने क्रम रोकिँदैन, त्यसैले समयमै ध्यान दिनु जरुरी छ ।*

पनि यस्ता समस्या आउने गरेका छन् । युनिफेमकी सरु जोशी गैरकानुनी रूपमा वैदेशिक रोजगारमा जाने प्रवृत्तिलाई रोक्नुपर्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ– वैदेशिक रोजगारमा जानुअघि, काम गर्दाको अवस्था र काम गरेर फर्किएपछि पनि सुरक्षित गर्ने खालको कानुन बनाइनुपर्छ । यस्तैगरी वैदेशिक रोजगारमा जाने व्यक्तिको परिवार पनि सो कामबाट प्रभावित हुने हुँदा परिवारको हकअधिकारको पक्षलाई पनि कानुनले समेट्नुपर्छ ।

जोशीका अनुसार कानुन २२औं शताब्दीलाई समेट्ने खालको हुनुपर्दछ । वैदेशिक रोजगारमा गएका नेपाली नागरिकलाई हिंसा, ठगी, पीडामुक्त बनाउने पक्षमा सहयोग गर्न परराष्ट्र मन्त्रालय तथा श्रम मन्त्रालयको संयोजकत्वमा काम हुनुपर्छ । त्यस्तै सम्बन्धित मुलुकमा दूतावास नभएको खण्डमा पनि नजिकको दूतावासलाई नै क्षेत्राधिकार तोकेर काम लिन सकिन्छ ।

अर्थशास्त्री डा. मीना आचार्य केही महिला पीडित हुँदैमा सबैलाई प्रभावित गर्ने खालको नियम लागू गर्न नमिल्ने बताउँदै "पीडितलाई क्षतिपूर्ति दिलाउने, जोखिममा परेकालाई बचाउने तथा बिमाको व्यवस्था गर्नेतिर लाग्नुपर्छ" भन्नुहुन्छ ।

२०६३।०६४ आर्थिक वर्षको वार्षिक बजेट वक्तव्यमा वैदेशिक रोजगार व्यवसायलाई मर्यादित, व्यवस्थित र पारदर्शी बनाउन वैदेशिक रोजगार कानुन तथा सम्बद्ध निकायको संगठनात्मक सुधार गरिने उल्लेख छ ।

यही घोषणाअनुसार वैदेशिक रोजगार ऐनको मस्यौदा यही भदौ महिनाभित्रमा संसद्मा प्रस्तुत गर्ने तयारी श्रम तथा यातायात व्यवस्था मन्त्रालयले गरिरहेको छ । यस्तै घरेलु कामदार महिलाको सम्बन्धमा परराष्ट्र मन्त्रालयसँग छलफल गरी आगामी माघसम्ममा निर्णय गरिने कुरा मन्त्रालयका उपसचिव ध्रुवकुमार शर्मा जानकारी गराउनुहुन्छ । उहाँका अनुसार आगामी वैशाखसम्ममा यस वर्षको वार्षिक बजेट भाषणमा प्रस्तुत प्रतिबद्धताहरू पूरा हुनेछन् ।

उपसचिव शर्माका अनुसार वैदेशिक रोजगार व्यवसाय मर्यादित, व्यवस्थित र पारदर्शी बनाउन म्यानपावर कम्पनीहरूलाई विभिन्न ठाउँमा शाखा खोल्न दिने, श्रम विभागको संरचनामा सुधार गर्ने, सरकारी सेवा-सुविधालाई विकेन्द्रित गर्दै लग्ने मस्यौदा ऐनमा उल्लेख छ । घरेलु कामदारको रूपमा महिलाहरूलाई बाहिर पठाउँदा कामदार माग भएको संस्थाको सम्बन्धित दूतावासमार्फत अनुगमन गरेर, तलबको स्थिति हेरेर प्रमाणित भएपछि मात्र पठाइने उपसचिव शर्मा जानकारी गराउनुहुन्छ । तर, परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव भगिरथ बस्नेतले बिनाउजुरी मन्त्रालयले पनि सबै मुलुकमा यस्तो विवरण बुझ्न नसक्ने बताउनुभयो । संसद्मा मस्यौदा प्रस्तुत हुने क्रममा रहेको छ । तर, एक-अर्का मन्त्रालयले आफ्नो जिम्मेवारी होइन भनेर पन्छिने काम गरे भने विदेशमा नेपाली महिला अलपत्र पर्ने क्रम रोकिँदैन, त्यसैले समयमै ध्यान दिनु जरुरी छ ।

औपचारिकभन्दा अनौपचारिक तरिकाले विदेश जाने युवायुवतीहरूको संख्या अत्यधिक रहेको हालको अवस्थामा २०५८ सालको जनगणनाले ८३ हजार महिलाहरू विदेशमा रहेको देखाएको छ । यस्तै २०६२।०६३ मा संस्थागत रूपमा एक लाख ७७ हजार पाँच सय ७६ जना वैदेशिक रोजगारीमा गएकामध्ये एक हजार ७१ जना महिला रहेका छन् ।

□□□

**सञ्चारिका**

**लेखमाला / सञ्चारिका समूह**

# रातो पहिरनले बढाएको आत्मविश्वास

**शान्ता बिष्ट अहिले आफूलाई साँच्चैको सुरक्षित महसुस गर्छिन् । असुरक्षाको महसुस गर्दै १२ वर्ष बित्यो, मानसिक त्रास सधैं भइरहन्थ्यो उनलाई । तर अहिले त्यस्तो छैन, किनकि १२ वर्षअघि लोग्नेको मृत्यु भएपछि सेतो पहिरन लगाउँदै आएकी उनलाई अहिले त्यो बाध्यता हटेको छ, उनको शरीरमा रातो कपडा परेको छ । "रङ नभएका कपडा लगाउँदा यो विधवा हो, यसको सहारा कोही छैन भनेर हेप्न खोज्थे, गलत नजरले हेर्थे, आफैंलाई असुरक्षित लाग्थ्यो" शान्ता भन्छिन्, "तर अहिले त्यस्तो लाग्दैन, आफैं सुरक्षित छु भन्ने भित्रैदेखि महसुस हुन्छ ।"**

**✍ निर्मला रेग्मी**

**सुर्खेत**/ शान्ताका लोग्नेको ३३ वर्षकै उमेरमा निधन भएको थियो, अहिले उनी ४५ वर्षकी भइन् । 'पहिले पहिरनबाटै सबैले विधवा भनेर थाहा पाउँथे, कतिको दुर्व्यवहार पनि खेप्नुपर्थ्यो, अहिल रातो पहिरन लगाएपछि त्यस्तो छैन,' उनले खुसी व्यक्त गर्दै भनिन् । शान्ता अहिले रातो पहिरन, चुरा र टीका लगाएरै बस्ने गर्छिन् ।

रामकुमारी थापाले हिजोआज जीवनको ठूलो पीडाबाट मुक्ति पाएको ठानेकी छिन् । लोग्ने नभए पनि यतिखेर उनको शरीरमा रातो पहिरन छ, निधारमा टीका, हातमा चुरा र गलामा पोते छ । ०५८ सालमा अछामको मंगलसेन आक्रमणमा लोग्ने मारिएपछि उनी 'विधवा' बनेकी थिइन् । त्यसपछि सेतो पहिरनमा बस्नुपरेको थियो । अहिले भने उनले पुनः रातै पहिरन लगाउन थालेकी छिन् । २९ वर्षीया रामकुमारी भन्छिन्, "एक्लो जीवनको रंगविहीन पीडाबाट मुक्त हुन पाइएको जस्तो लाग्छ ।"

'रातो राम्रो, गुलियो मीठो' भन्ने भनाइ त्यसै चलेको होइन रहेछ । तर, लोग्ने गुमाएका महिलाहरूका लागि रातो राम्रो कहिल्यै भएन । 'रातो राम्रो' बाट वञ्चित लोग्ने गुमाएका महिलाहरूले अहिले रातो पहिरन लगाउन सुरु गरेका छन् । रातो पहिरनसँगै उनीहरूको जीवनमा साँच्चै परिवर्तनका संकेत देखिन थालेका छन् । समाजबाट आफूलाई हेपिएको र अपहेलित मात्रै होइन, असुरक्षितसमेत ठान्ने महिलाहरूले सुरक्षा महसुस गर्न थालेका छन् ।

सेता र रंगविहीन कपडा लगाउँदा एकल (विधवा) महिलाहरू आफैंले आफैंलाई निराश, हीनताबोध र आत्मबल कमजोर भएको महसुस गर्दथे । अरूको नजरमा आफू सधैं 'बिचरा' छु जस्तो लाग्थ्यो । तर अहिले त्यो छैन । उनीहरूमा अहिले निराशा अन्त्य भएको छ, हीनताबोध छैन र लोग्नेले छाडेर गए पनि आफू, आफ्ना बालबच्चाका लागि केही गर्नुपर्छ भन्ने जिम्मेवारीबोध भएको छ । शान्ता भन्छिन्, "जीवनको अर्थ के हो भन्ने बल्ल थाहा हुँदैछ ।" 'विधवा' महिलाहरूका लागि यो अवस्था सजिलै आएको होइन, न त समाजले नै यस्तो गराइदिएको हो । हाम्रो रुढीवादी समाज त सधैं उनीहरूको विरोधमै थियो । यही अवरोधका बीच

*सेता र रंगविहीन कपडा लगाउँदा एकल (विधवा) महिलाहरू आफैंले आफैंलाई निराश, हीनताबोध र आत्मबल कमजोर भएको महसुस गर्दथे । अरूको नजरमा आफू सधैं 'बिचरा' छु जस्तो लाग्थ्यो । तर अहिले त्यो छैन । उनीहरूमा अहिले निराशा अन्त्य भएको छ, हीनताबोध छैन र लोग्नेले छाडेर गए पनि आफू, आफ्ना बालबच्चाका लागि केही गर्नुपर्छ भन्ने जिम्मेवारीबोध भएको छ । शान्ता भन्छिन्, "जीवनको अर्थ के हो भन्ने बल्ल थाहा हुँदैछ ।"*

*१० वर्षदेखि 'माओवादी जनयुद्ध' का नाममा देशमा चलिरहेको आपसी काटमार र लडाइँले गर्दा एकल महिलाहरूको संख्या ह्वात्तै बढेको छ। महेन्द्रकुमारी खड्काको २३ वर्षको कलिलो उमेरमै सिन्दुर पुछियो र 'विधवा' बन्नुपऱ्यो। प्रहरीमा जागिरे उनका लोग्नेको २०६० मा नेपालगञ्जमा माओवादीले आक्रमण गर्दा मृत्यु भएको थियो। २३ वर्षको कलिलो उमेरमा एक्लो बनेकी दैलेख छिउँडीकी उनीमाथि त्यसपछि ठूलो जिम्मेवारी पनि थपिएको छ।*

पनि नवलपरासीका केही एकल महिलाहरूले यो अभियानको सुरुवात गरे। गैंडाकोट नवलपरासीका एकल महिलाहरूले लोग्ने नहुनेले पनि रातो पहिरन लगाउन पाउनुपर्छ भन्दै सदियौं पुरानो परम्पराको साङ्लोलाई चुँडाउँदै सामूहिक रूपमा राता कपडा, चुरा र टीका लगाएर रातम्य भए। त्यसपछि उनीहरूको यही साहसको सिको गर्दै अन्य ठाउँका महिलाहरूले पनि यही अभियानलाई पछ्याए। अन्ततः एक वर्षको अन्तरालमा सदियौं पुरानो बाध्यकारी परम्परा तोडियो र देशभरका एकल महिलाहरू राता पहिरनमा सजिन थाले। सुर्खेतका एकल महिलाहरूले पनि २०६२ वैशाख महिनामा सामूहिक रूपमा राता कपडा, चुरा र टीका लगाई रुढीवादी सामाजिक मान्यता तोड्ने काम गरे, अहिले उनीहरूको यो प्रयासलाई समाजले पनि सहजै स्वीकारेको छ।

१० वर्षदेखि 'माओवादी जनयुद्ध' का नाममा देशमा चलिरहेको आपसी काटमार र लडाइँले गर्दा एकल महिलाहरूको संख्या ह्वात्तै बढेको छ। महेन्द्रकुमारी खड्काको २३ वर्षको कलिलो उमेरमै सिन्दुर पुछियो र 'विधवा' बन्नुपऱ्यो। प्रहरीमा जागिरे उनका लोग्नेको २०६० मा नेपालगञ्जमा माओवादीले आक्रमण गर्दा मृत्यु भएको थियो। २३ वर्षको कलिलो उमेरमा एक्लो बनेकी दैलेख छिउँडीकी उनीमाथि त्यसपछि ठूलो जिम्मेवारी पनि थपिएको छ। "लोग्ने हुँदा बाहिरको काम केही हेर्नुपर्दैनथ्यो, घरभित्रको काम गरे हुन्थ्यो" उनी भन्छिन्, "अहिले घरभित्र र बाहिरका सबै काम एक्लै भ्याउनुपर्छ।" छोराछोरीको लालनपालन गर्ने जिम्मेवारी पनि एक्लो थाप्लोमा थोपरिएको छ। तर, यति हुँदाहुँदै पनि उनी अहिले निराश छैनन्। एकल महिलाको समूहमा सहभागी भएर रातो पहिरन लगाएपछि हीनताबोध र नैराश्यता कम भएको छ।

संगठित भएर रातो पहिरन लगाएपछि सामाजिक रूपले सुरक्षित भएको महसुस भए तापनि आर्थिक समस्याले भने उनीहरूलाई सधैं पिरोल्छ। कमाएर परिवार धान्ने लोग्ने मारिएपछि अन्य परिवारबाट उनीहरू चाहिने सहयोग पनि पाउँदैनन्। आफू पालिन र बालबच्चा पाल्न ठूलो समस्या आइलाग्ने गरेको छ। महेन्द्रकुमारी भन्छिन्, "अरू राम्रो भए पनि गुजारा गर्ने समस्या भने ज्युँकात्युँ छ।" लोग्ने गुमाएका महिला धेरैले लोग्नेको मृत्युपछि घरपरिवारबाट त्यति सहयोग पाउँदैनन्। त्यसैले गुजाराको सबै उपाय आफैंले जोरजाम गर्नुपर्छ। लोग्नेकै भरमा गुजारा गर्दै आएका उनीहरूलाई एकैपल्ट परिवारको बिंडो थाम्न त्यति सजिलो पनि छैन। रामकुमारी भन्छिन्, "गुजारा गर्न एकदमै गाह्रो छ, कतैबाट सामान्य सहयोग पाए पनि धेरै राहत हुन्थ्यो, एक्लो जिन्दगी त जसरी पनि बिताउन सकिन्थ्यो, बच्चाबच्ची पनि त हुर्काउनुपऱ्यो।"

तर उनीहरू अहिले समाजमा महिलाहरूले गर्न नहुने भनेर भनिएका घरबाहिरका घर छाउने, मलामी जाने, हलो जोत्नेजस्ता कामहरू पनि आफैंले गर्न थालेका छन्। विधवाले रातो पहिरन लगाउने अभियानले ७२ वर्षीया बालकुमारी कार्कीलाई पनि खुसी बनाएको छ। आफैं पनि यो उमेरमा रातो पहिरन लगाएर दङ्ग परेकी कार्की भन्छिन्, "सधैंभरि टीठलाग्दो भएर काम गर्न गाह्रो हुन्छ, त्यसैले रातो पहिरन लगाएर म साह्रै खुसी छु।"

लोग्ने नभएपछि सबै भार एक्लै वहन गरिरहेका महिलाहरू आफू समाजमा सम्मानित भएर बाँच्ने आधार तयार पार्नमा तल्लीन छन्। सामान्य नागरिकसरह नै आफू बाँच्न पाउनुपर्ने मागको वकालत गर्दैछन्। तर हक, अधिकारका कुरा

मात्र गरेर उनीहरूको त्यो आशा पूरा हुँदैन । आर्थिक रूपले पछाडि परेका र साँझबिहानको गुजारा गर्न पनि संकट आइलाग्ने महिलाहरूलाई आर्थिक स्तर उकास्ने कार्यक्रम सुरु गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यसका लागि विभिन्न सीपमूलक, आयमूलक तथा रोजगारमूलक तालिम र अवसरहरू उपलब्ध गराउन सकिन्छ । अधिवक्ता गीता कोइरालाका भनाइमा, कतिपय संघसंस्थाले तालिमसम्म दिने गरे पनि ती सबै तालिममै सीमित छन्, महिलाको जीवनमा त्यसले कुनै परिवर्तन ल्याउन सकेको छैन ।

महिला सशक्तीकरणका लागि सबैभन्दा पहिले आर्थिक अवस्थामै सुधार ल्याउनुपर्ने आवश्यकता औंल्याउँदै उनी भन्छिन्, "आर्थिक अवस्था सुदृढ भयो भने मात्र महिलाहरू अन्य क्षेत्रमा सशक्त रूपमा लाग्न सक्छन्, राजनीतिमा पहुँच बढ्न सक्छ । त्यसका लागि उनीहरूलाई उचित तालिम दिई रोजगारीका अवसरको सिर्जना गरिनुपर्छ ।"

२०५९ सालमा सुर्खेत जिल्लामा गठन भएको मानव अधिकारका लागि एकल महिला समूहमा अहिले ६५० महिलाहरू संगठित भएका छन् । यसमा आधा त 'माओवादी जनयुद्ध' का नाममा भएका गतिविधिका कारण लोग्ने गुमाएकाहरू छन् । यसरी लोग्ने गुमाएका धेरैजसो महिलाहरू २०-२१ वर्षका छन् । वीरेन्द्रनगर नगरपालिकालगायत उत्तरगंगा, लाटीकोइली, जर्बुटा, छिन्चु, लेखपराजुल, गुमी, मैनतडा, साटाखानी र मेहेलकुना गाविसमा गरी ३८ वटा एकल महिला समूह गठन गरिएको छ । जीवनसाथी गुमेपछि एक्लै भएका महिलाहरू आफूजस्तै अन्य दिदीबहिनीसँग सामूहिक रूपमा संगठित हुँदा आफ्नो पीडा धेरै कम हुने गरेको बताउँछन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# विद्यालय भर्नाका लागि किशोरी समूह

***न त उनीहरूले सञ्चालन गरेको कुनै बैंक हो यो न सहकारी संस्था नै । न त उनीहरूसित रकम नै धेरै छ न धेरै लगानी नै गरेका छन् उनीहरूले । तर पनि उनीहरूको सानो रकमले गर्ने काम गाउँका कुनै बैंक वा सहकारी संस्थाले गर्नेभन्दा कम महत्वपूर्ण छैनन् । सुन्दा अचम्म लाग्न सक्छ, तर सुनेपछि सबैले उनीहरूले गरेको कामका लागि स्याबासी नदिई रहन सकिँदैन । यो कसरी त ?***

**✍ यमकला पाण्डेय**

**महेन्द्रनगर**/ शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्रका किशोरीहरूले समूह गठन गरेर मासिक ५/१० रुपैयाँ बचत गर्ने गर्छन् । त्यो बचतको पहिलो उद्देश्य आफू र आर्थिक विपन्नताका कारण स्कुल जान नपाएका गाउँका अन्य किशोरकिशोरीहरूका लागि खर्च गर्नु हो । बचत गरेको रकम उनीहरू समूहमार्फत त्यस्ता किशोरकिशोरीहरूको पढाइका लागि ऋणस्वरूप सहयोग गर्ने गर्छन् ।

मध्यवर्ती क्षेत्रका किशोरीहरूले यसरी समूह गठन गर्न थालेको त धेरै भइसक्यो । तर, उनीहरू यसअघि गाउँका समस्या समाधान गर्न आफ्नोतर्फबाट गर्न सकिने रचनात्मक काममा मात्रै सरिक हुने गर्थे । पछिल्लो समयमा उनीहरूले आफू र आफूजस्तै किशोरकिशोरीहरूको पढाइका लागि मासिक बचत गरेर सहयोग गर्ने योजना बनाएका हुन् । जसको गाउँमा निक्कै ठूलो प्रभाव त पर्‍यो नै साथसाथै किशोरीहरूले गाउँका अगुवाहरूबाट स्याबासी पनि पाउन थाले । समूहमा आबद्ध किशोरीहरू पछिल्ला दिनमा आफूहरूले

गरेको कामको स्याबासी पाउन थालेपछि अझै हौसिएका छन् ।

प्रेरणा किशोरी समूहकी अध्यक्ष लक्ष्मी विक भन्छिन्, "सुरुका दिनमा त हामीलाई निक्कै गाह्रो भएको थियो, तर अहिले सबैले राम्रो काम गर्दैछौ भनेर हौस्याएका छन्। काम गर्न पनि सजिलो भएको छ।" उनको समूहमा आबद्ध किशोरीहरूले मासिक पाँच रुपैयाँ बचत गर्ने गरेका छन्। यसरी वर्षमा ३/४ हजार जम्मा हुने गरेको उनी बताउँछिन् ।

महेन्द्रनगर-१८ की कविता सिंहलाई समूहमा मासिक बचत गरेको १० रुपैयाँले पढाइमा ठूलो सहयोग पुऱ्यायो । ७ कक्षा पास गरेर उपल्लो कक्षामा भर्ना हुने समयमा उनलाई आर्थिक समस्याले घेऱ्यो । तर पनि उनीहरूले मासिक बचत गरेको सानो रकम (१० रुपैयाँ) ले यति ठूलो काम होला भनेर कविता सिंहले कहिल्यै कल्पनासमेत गरेकी थिइनन्। तर, त्यही बचत गर्ने बानीले उनको पढाइमा ठूलो सहयोग पुऱ्यायो। भन्छिन्, "१० रुपैयाँ बचत गरेर यति ठूलो काम हुन्छ भनेर सोचेकी पनि थिइन । बचत गर्ने बानी राम्रो रहेछ ।"

महेन्द्रनगर नगरपालिका-१४ की हरिकला रावल आफू स्कुल जान्नन् तर पनि उनले भाइबहिनीहरूलाई पढाइरहेकी छिन्। उनी भन्छिन्, "आफूले स्कुल जान नपाए पनि समूहबाट ऋण लिएर भाइबहिनीलाई स्कुल भर्ना गरेकी छु।" गाउँका प्रायः सबै किशोरीहरूलाई यस्ता समूहहरूमा संगठित पार्ने गरिएको छ। कसैलाई ऋण दिनुपरेमा वा गाउँमा आइपरेका समस्याहरूको समाधानका लागि आफ्नोतर्फबाट गर्नुपर्ने सहयोगका बारेमा उनीहरू सबैको साझा मत हुने गरेको छ ।

मध्यवर्ती क्षेत्रमा आमा समूहहरू सक्रिय भएर काम गर्न थालेपछि किशोरीहरू पनि संगठित भएर काम गर्न थालेका हुन। सुरुका दिनहरूमा उनीहरूले आरक्ष जोगाउन, सरसफाइ, स्वास्थलगायतका विषयहरूमा गाउँमा जनचेतना जगाउन साँस्कृतिक कार्यक्रममार्फत महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। शुक्लाफाँटा वन्यजन्तु आरक्षमा काम गरिरहेको सहभागितामूलक संरक्षण कार्यक्रमका अधिकृत देवराज जोशी किशोरी समूहहरूले आरक्ष संरक्षणदेखि गाउँका अन्य समस्या

*महेन्द्रनगर नगरपालिका-१४ की हरिकला रावल आफू स्कुल जान्नन् तर पनि उनले भाइबहिनीहरूलाई पढाइरहेकी छिन् । उनी भन्छिन्, "आफूले स्कुल जान नपाए पनि समूहबाट ऋण लिएर भाइबहिनीलाई स्कुल भर्ना गरेकी छु ।" गाउँका प्रायः सबै किशोरीहरूलाई यस्ता समूहहरूमा संगठित पार्ने गरिएको छ । कसैलाई ऋण दिनुपरेमा वा गाउँमा आइपरेका समस्याहरूको समाधानका लागि आफ्नोतर्फबाट गर्नुपर्ने सहयोगका बारेमा उनीहरू सबैको साझा मत हुने गरेको छ ।*

समाधानका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउँछन् ।

जोशी भन्छन्, "तन्नेरी र बूढापाकाहरूभन्दा अगाडि बढेर किशोरीहरूले काम गरेका छन्। गाउँका जुनसुकै समस्या समाधानका लागि पनि उनीहरूको महत्वपूर्ण भूमिका हुन्छ।" पछिल्ला दिनहरूमा उनीहरूले बचत गरेर गाउँका किशोरकिशोरीहरूको शिक्षाका लागि खर्च गर्ने कार्यक्रम उत्कृष्ट भएको जोशी बताउँछन् ।

मध्यवर्ती क्षेत्र विकास समितिको संरक्षणमा रहने यस्ता समूहहरू अहिले नगरपालिकाको आरक्षसित जोडिएका गाउँहरूमा मात्रै गठन गरिएका छन्। झण्डै एक दर्जन किशोरी समूहहरू अहिले सक्रिय रहेको जोशी बताउँछन्। "किशोरी समूहलाई मध्यवर्ती क्षेत्रको सबै भागमा सक्रिय बनाउन सक्नुपर्छ। उनीहरूसित जोश-जाँगर मात्रै होइन, राम्राराम्रा काम गर्ने तरिकाहरू पनि छन्।"

महेन्द्रनगर-१८ खैरभट्टीकी पवित्रा भण्डारी १० कक्षामा पढ्दैछिन्। विपन्न परिवारमा हुर्किरहेकी उनले आफू मात्रै होइन, आफूपछिका दुई भाइलाई पढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेकी छिन्। पवित्राले भाइहरूको परीक्षाफारम भर्न समूहबाट एक हजार पाँच सय ऋण लिएकी थिइन्। उनीहरूको

पढाइलाई नियमित पारेकी छिन् । भन्छिन्, "बचत गरेर हामीलाई नै फाइदा भइरहेको छ ।"

किशोरीहरूले बचत गरिएको रकमलाई पनि ऋण दिने र खर्च गर्ने पनि राम्रो पद्धतिको विकास गरेका छन् । जम्मा भएको रकम उनीहरू तत्काल बैंकमा जम्मा गर्ने गर्छन् । "बचत गरिएको पैसा हामीहरू आफैंले राखेमा खर्च हुनसक्छ भनेर तत्काल बैंकमा जम्मा गर्ने गरेका छौं," अस्मिता किशोरी समूहकी सचिव उदया सिंह भन्छिन् ।

समूहका सदस्यहरूलाई ऋण दिंदा पनि उनीहरूले अभिभावकहरूसित एकपटक सल्लाह गर्ने गर्छन् । पढाइका लागि खर्च गरिने हो कि होइन भन्ने कुरा उनीहरू बुझेपछि मात्रै ऋण दिने गर्छन् । उदया भन्छिन्, "हामीले अभिभावकहरूसित सल्लाह नगरीकन ऋण दिएमा त्यसको दुरुपयोग हुनसक्छ । हामीले दिएको ऋण पढाइमा लगानी होस् भन्ने चाहना हो हाम्रो ।"

महेन्द्रनगर-१४ वनकट्टीकी उदया सिंह अस्मिता किशोरी समूहकी सचिव हुन् । उनी भन्छिन्, "छोरीलाई हेर्ने सामाजिक दृष्टिकोणमा अझै पनि परिवर्तन आएको छैन । सुरुका दिनमा हामीहरूले पनि निक्कै दुःख झेल्नुपर्‍यो । अब हामी त्यसका विरुद्ध पनि एकजुट भएर काम गर्छौं ।"

प्रत्येक महिनाको पहिलो शनिबार वा १५ गते किशोरीहरू भेला हुने गर्छन् । र, त्यही भेलामा ऋण कसलाई उपलब्ध गराउनेदेखि गाउँमा आइपरेका अन्य समस्याका बारेमा छलफल हुने गर्छ । किशोरीहरू गाउँमा देखिएका समस्याका बारेमा छलफल गरेर बूढापाकाहरूलाई सल्लाह दिन्छन् ।

"समूह गठन गरेर काम थालेका दिन भने बचत गर्ने कुरा सुनेर धेरैले गाली पनि गरे । रकम जम्मा गर्नका लागि आयोजना गरिने साँस्कृतिक कार्यक्रममा भाग लिन पनि अनुमति दिएनन् अभिभावकले । अहिले त सबैले राम्रो गर्दैछौ भनेर भन्छन् । ती अभिभावकहरू आ-आफ्नो टोलमा समूह गठन गर्न पनि पहल गरिरहेका छन् अहिले ।" महेन्द्रनगर-१४ कि वर्षा सिंह बताउँछिन् ।

समूहमा आबद्ध भएपछि किशोरीहरूले बचत गर्ने मात्र नभएर वनसंरक्षण, स्वास्थ, सरसफाइ, छोरीलाई शिक्षाको आवश्यकता, एचआईभी/एड्सका बारेमा जनचेतना जगाउने खालका साँस्कृतिक कार्यक्रम पनि गर्दछन् । साँस्कृतिक कार्यक्रमबाट उठेको पैसा पनि उनीहरू समूहमै जम्मा गर्ने गर्छन् ।

अस्मिता किशोरी समूहकी सचिव उदया सिंह भन्छिन्, "पहिले-पहिले बाटोमा फोहर गरेर हिंड्नै नसकिने अवस्था हुन्थ्यो । अहिले हामीले घर-घरमा गएर चर्पीको महत्वको बारेमा सम्झाउन थालेपछि बाटो फोहर हुन छोडेको छ ।"

किशोरीहरू अब गाउँको विकास निर्माणमा पनि अग्रसर हुन थालेका छन् । अस्मिता किशोरी समूहले गत महिना साँस्कृतिक कार्यक्रमबाट ८ हजार जम्मा गर्‍यो । उक्त समूहले सो रकममा केही रकम थपेर गाउँको बाटो निर्माण गर्ने योजना बनाएको छ । समूहकी सचिव उदया भन्छिन्, "हामी नगरपालिकालाई भनेर बाटोमा ढुङ्गा हाल्न लगाउँछौं । बाटो नै खत्तम भएको छ ।" किशोरीहरूको यो आँट देखेर ठूलाबडाहरूसमेत दंग परेका छन् ।

यसका अतिरिक्त किशोरी समूहहरूले विभिन्न संघसंस्थाहरूलाई आग्रह गरेर गाउँका महिलाहरूका लागि सीपमूलक तालिमहरूसमेत सञ्चालन गर्ने गरेका छन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

*महेन्द्रनगर-१८ खैरभट्टीकी पवित्रा भण्डारी १० कक्षामा पढ्दैछिन् । विपन्न परिवारमा हुर्किरहेकी उनले आफू मात्रै होइन, आफूपछिका दुई भाइलाई पढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेकी छिन् । पवित्राले भाइहरूको परीक्षाफारम भर्न समूहबाट एक हजार पाँच सय ऋण लिएकी थिइन् । उनीहरूको पढाइलाई नियमित पारेकी छिन् । भन्छिन्, "बचत गरेर हामीलाई नै फाइदा भइरहेको छ ।"*

# पर्यटन क्षेत्रमा महिला आकर्षण

*पर्यटन व्यवसायको हरेक क्षेत्रमा महिलाको माग पनि बढ्दै गएको छ । पाँचतारे होटलदेखि, रेष्टुरेन्ट, ट्राभल एजेन्सी र ट्रेकिङ गाइडको कामका लागि सञ्चालकहरू सकभर महिलाहरू नै राख्न पाए हुन्थ्यो भन्ठान्छन् । पर्यटन क्षेत्रमा देखिएको रोजगारीको नयाँ सम्भावनाको अवसरसँगै भिन्न अनुभव बटुल्न पाइने हुनाले पनि नयाँ पुस्ता यो क्षेत्रमा आकर्षित हुन थालेका हुन् । त्यसमा पनि महिलाले विशेष ग्राह्यता पाउन थालेका छन् । महिलाहरू कामदारको रूपमा मात्र छैनन् । आफैं सञ्चालक भएरसमेत यो व्यवसायमा प्रवेश गरेका छन् र आफूलाई स्थापित पनि बनाएका छन् ।*

✍ **समीक्षा कोइराला**

**पोखरा**/ होटल लाइनमा भर्खरै प्रवेश गरेकी सरु भण्डारीलाई अब यो क्षेत्र छोड्ने मन छैन । भर्खरै होटल म्यानेजमेन्ट सकेर उनी पोखरास्थित सांग्रिला भिलेजमा कार्यरत छिन् । यो क्षेत्रमा सम्मान र प्राथमिकता महिलाले पाउने हुनाले यो पेशा उनका लागि आकर्षण बनेको छ । काम गर्दाको रमाइलो अनुभव साट्दै भण्डारी भन्छिन्, "हरेक दिन नयाँ दिनजस्तै लाग्छ । देश-विदेशका विभिन्न क्षेत्रका व्यक्तिसँग भेट्ने अवसर मिल्छ ।"

कुनै समय थियो । होटल लाइनमा महिलाले काम गरेको देख्यो कि समाजले खिल्ली उडाउँथ्यो । यस्तो अनुभवको प्रत्यक्ष भोगी छन् पर्यटन व्यवसायी लक्की कार्की । पोखरामा आएर पर्यटन व्यवसाय सञ्चालन गर्ने लक्की पहिलो महिला पनि हुन् । तेह्र वर्षअघि राजधानीबाट पोखरा आएर पर्यटन व्यवसाय सुरु गर्दा उनी सबैको सामु 'हाँसोको पात्रा' बनेकी थिइन् । तिनै लक्की हुन् अहिले यो व्यवसायमा लाग्ने सबैका लागि उनको नाम ईर्ष्या र प्रेरणा बन्न थालेको छ । अहिले उनी पोखराको पर्यटन व्यवसायमा स्थापित भएकी छिन् ।

"आँट र मेहनत भयो भने समाजलाई पनि परिवर्तन गर्न सकिंदोरहेछ भन्ने अनुभव मैले आफ्नै जीवनबाट सिकेकी हुँ" लक्की भन्छिन्, "आजभोलि त मलाई मान पनि छ, कामको भ्याइनभ्याई पनि ।"

आफ्ना दुई बहिनीलाई साथ लिएर उनले गेष्टहाउस र ट्रेकिङ गाइडको काम सुरु गरेकी थिइन् । व्यावसायिक सफलताबाट यतिबेला उनी प्रसन्न मात्रै छैनन्, नाम र दाम दुवैबाट सम्पन्नशाली पनि बनेकी छिन् । यही व्यवसायबाट उनले बाहिरी संसारमा समेत चिनिने अवसर पाइन् । उनको व्यावसायिक जीवनको यात्राको समाचार संसारमै प्रसिद्ध टेलिभिजन च्यानल सीएनएनदेखि बीबीसीसम्मले बनाए । लक्कीलाई यो अवस्थामा ल्याउन उनका दुई बहिनी निक्की र डिक्कीको ठूलो हात छ । अहिले त उनीहरूको ट्रेडमार्क नै 'थ्री सिस्टर' छ ।

*पहिला त कतै रोजगार नपाएका ग्रामीण क्षेत्रमा महिलाहरू मात्रै यस क्षेत्रमा आउँथे । अहिले सहरका शिक्षित र दक्ष महिलाहरू पनि यसतर्फ आकर्षण हुन थालेका छन् । पोखरामा मात्रै अहिले पाँच सयको हाराहारीमा ट्रेकिङ गाइड छन् । जसमा महिलाको संख्या पचास छ । 'यो संख्या पनि ठूलो हो' महिला कर्मचारी मात्रै भएको ट्रेकिङ गाइड केन्द्रकी सञ्चालिकासमेत रहेकी लक्की भन्छिन्, "बिस्तारै महिलाहरूमा चेतना फैलिएको छ, समाजले पनि राम्रो दृष्टिकोणले हेर्न थालेको छ ।"*

ट्रेकिङ गाइड बनेर पर्यटक लैजाँदा बाटोमा जिस्काउने र नराम्रो व्यवहार गर्ने तितो अनुभव पनि उनीहरूले धेरै सहे । त्यस्तो काम पर्यटकबाट भएन । पुरुष गाइडबाटै भयो । "सबै केटाहरू हुन्थे, राति लजमा बस्नुपर्दा रक्सीले मात्तिएर नराम्रो बोल्ने गर्दथे, त्यस्तो गर्दा भने कहिलेकाहीं दुःख लाग्थ्यो" डिक्कीले भनिन्, "तर अहिले समाज बदलिएको छ, उतिबेला नराम्रो ठान्ने पुरुषहरूले अहिले महिलाहरूलाई सम्मान दिन थालेका छन् ।"

लक्कीले यतिबेला आफ्नो व्यवसायमा मात्रै हात हालेकी छैनन् । यो क्षेत्रमा महिलाहरूको अधिकतम प्रवेशका लागि कामसमेत गर्न थालेकी छिन् । त्यसका लागि उनले 'इम्पायरिङ ओमन नेपाल' संस्था चलाएकी छिन् । जसमा महिला गाइडहरूका लागि ट्रेनिङ दिने काम उनी गर्छिन् । "सुरुमा आफूले काम गर्दा अनेक थरी कुरा सुन्नुपर्दथ्यो, अहिले भने सभा-समारोहमा जाँदैमा फुर्सद मिल्दैन" व्यावसायिक सफलताप्रति खुशी हुँदै लक्की सुनाउँछिन्, "पर्यटन क्षेत्रलाई नकारात्मक मान्नेहरू आज मेरो कुरा सुन्न र मलाई अतिथि बनाई बोलाउने गर्छन् ।"

उनकै प्रेरणाबाट अहिले ट्रेकिङ गाइडको काममा मात्रै सयौं महिला प्रवेश गरेका छन् । उनको अनुभवमा पहिला त कतै रोजगार नपाएका ग्रामीण क्षेत्रमा महिलाहरू मात्रै यस क्षेत्रमा आउँथे । अहिले सहरका शिक्षित र दक्ष महिलाहरू पनि यसतर्फ आकर्षण हुन थालेका छन् । पोखरामा मात्रै अहिले पाँच सयको हाराहारीमा ट्रेकिङ गाइड छन् । जसमा महिलाको संख्या पचास छ । "यो संख्या पनि ठूलो हो" महिला कर्मचारी मात्रै भएको ट्रेकिङ गाइड केन्द्रकी सञ्चालिकासमेत रहेकी लक्की भन्छिन्, "बिस्तारै महिलाहरूमा चेतना फैलिएको छ, समाजले पनि राम्रो दृष्टिकोणले हेर्न थालेको छ ।"

अर्कोतर्फ महिला पर्यटक पुरुष गाइडभन्दा महिला गाइड नै खोजीखोजी लैजान्छन् । "पुरुष ट्रेकिङ गाइडले महिला पैदलयात्रीसँग अनुचित लाभ लिने प्रयास गर्ने हुनाले पनि उनीहरू महिला गाइड नै रुचाउँछन् ।" महिला गाइडको आवश्यकता व्यक्त गर्दै उनी थप्छिन्, "अब त महिलाहरूका लागि पनि यो क्षेत्र आकर्षण र सम्मानित बनिरहेको छ ।"

क्षेत्रीय होटल संघ पोखराका अनुसार संघमा एकानब्बे होटल दर्ता छन् । जसमा चारवटा होटल

*केही समयअघि होटल लाइन अध्ययन गर्न विदेश नै जानुपर्ने बाध्यता अहिले यिनै कलेजले हटाएको छ । कलेज स्थापना भएपछि महिलाहरू यो लाइनमा आउने क्रम अझ बढ्दो छ । पोखराकै होटेल म्यानेजमेन्ट कलेजको तथ्यांकमा पनि ३० प्रतिशत छात्रा अध्यनरत छन् । स्नातक तहभन्दा पनि प्रवीणता प्रमाणपत्र तहमा छात्राको संख्या अत्यधिक छ । यो कुराले पनि महिलाहरूको पर्यटन क्षेत्रतर्फको आकर्षण बितेका २/३ वर्षयता बढेको पुष्टि गर्छ । "तारे होटलदेखि साना होटलसम्मले अहिले हामीसँग जनशक्ति माग्ने गर्छन्" क्याम्पसप्रमुख कमल पन्त भन्छन्, "त्यसमा पनि सकभर महिलाहरूको माग बढी छ ।"*

महिलाका नाममा छन् । क्षेत्रीय होटल संघमा आबद्ध नभएका अन्य केही होटलहरू पनि महिलाका नाममा दर्ता भएका छन् । "महिला आफैं सञ्चालक भएर पर्यटन उद्योग चलाएको संख्या सन्तोषजनक नभए पनि यो उत्साहजनक हो" लक्की भन्छिन्, "मुलुकमा स्थायी शान्ति स्थापना भएमा यो संख्या निकै बढ्ने देखिएको छ ।"

होटलको कुरा गर्ने हो भने बजार व्यवस्थापन, फ्रन्ट अफिस र हाउसकिपिङजस्ता विभागमा महिलाहरू पुरुषभन्दा बढी संख्यामा छन् । पाहुनासँग प्रत्यक्ष सम्पर्कमा रहनुपर्ने विभागमा महिलाको माग बढी हुने गर्दछ । तर, यी विभागको प्रमुखमा भने पुरुष नै बढी छन् । महिलाहरू बढी हुने विभागमा महिला नै प्रमुख भए काममा धेरै सजिलो हुने महिला कामदारहरूको अनुभव छ । फूलबारी रिसोर्टमा फुड एण्ड विभरेज म्यानेजर भएर अनुभव संगालेकी सुनयना पालिखे महिलामा औपचारिक शिक्षा कम भएकाले उच्च ओहोदामा

महिलाको संख्या कम रहेकी बताउँछिन्। "यस क्षेत्रमा धेरै अवसर छन्, त्यसैले महिलाहरूले शिक्षालाई पनि महत्व दिनुपर्छ" उनी भन्छिन्।

औपचारिक शिक्षाकै रूपमा पर्यटन तथा होटल म्यानेजमेन्टका कक्षा सञ्चालन गर्दै आएको नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेजले यो अभावलाई पूर्ति गर्ने प्रयास पनि गर्दैछ। नेपालमा रहेका दुईवटा कलेजमध्ये पोखरामा पनि एउटा साधनस्रोतसम्पन्न कलेज छ। केही समयअघि होटल लाइन अध्ययन गर्न विदेश नै जानुपर्ने बाध्यता अहिले यिनै कलेजले हटाएको छ। कलेज स्थापना भएपछि महिलाहरू यो लाइनमा आउने क्रम अझ बढ्दो छ। पोखराकै होटेल म्यानेजमेन्ट कलेजको तथ्यांकमा पनि ३० प्रतिशत छात्रा अध्यनरत छन्। स्नातक तहभन्दा पनि प्रवीणता प्रमाणपत्र तहमा छात्राको संख्या अत्यधिक छ। यो कुराले पनि महिलाहरूको पर्यटन क्षेत्रतर्फको आकर्षण बितेका २/३ वर्षयता बढेको पुष्टि गर्छ। "तारे होटलदेखि साना होटलसम्मले अहिले हामीसँग जनशक्ति माग्ने गर्छन्" क्याम्पसप्रमुख कमल पन्त भन्छन्, "त्यसमा पनि सकभर महिलाहरूको माग बढी छ।"

स्वदेशमा भन्दा पनि विदेशमा गएर काम गर्ने आकर्षण बढी भएकाले यस क्षेत्रप्रति महिलाहरूले आकर्षण देखाउन थालेका छन्। तारे होटल र साना होटलमा जनशक्तिको माग बढ्दो भए पनि अध्ययन गरेका विद्यार्थीहरू स्वदेशमा भन्दा विदेशमा गएर काम गर्न बढी लालयित छन्। त्यसको मुख्य आकर्षण पैसा नै हो। "कुरा जे भए पनि हिजोसम्म पर्यटन क्षेत्रलाई हेलाको दृष्टिले हेर्ने व्यक्तिहरूले आज आफ्ना सन्तानका लागि उचित क्षेत्र ठान्नु पनि ठूलो उपलब्धि हो" पन्त भन्छन्, "विदेशमै हेर्ने हो भने पनि पर्यटन क्षेत्रमा महिलाको संख्या धरै छ।"

कान्तिपुर होटलमा कार्यरत युवा कामदार सन्दीप थापा अवसर पाए आफू पनि विदेशिने बताउँछन्। गत वर्ष मात्रै होटल म्यानेजमेन्ट कलेजबाट स्नातक गरेका थापा भन्छन्- "औपचारिक शिक्षा स्वदेशमा भन्दा पनि विदेशमा बढी आवश्यक छ, महिलाहरूलाई पनि विदेशमा बढी प्राथमिकता दिने गरिन्छ।"

पछिल्लो समयमा आएर संख्यात्मक परिवर्तनसँगै गुणात्मक परिवर्तन आएकोमा पर्यटनविद् आशावादी छन्। मौखिक रूपमा मात्रै परिवर्तन आएर हुँदैन। व्यावहारिक रूपमा नै परिवर्तन आउन अझै बाँकी छ। "व्यवहारमा अझै सुधार हुनुपर्ने धेरै कुरा बाँकी छन्, तर हिजोको जस्तो अवस्था अब छैन" सरु भण्डारी भन्छिन्, "यो क्षेत्र पनि आजभोलि सम्मानित र आकर्षण बन्दै गइरहेको छ।"

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

<u>प्रकाशक</u>
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५५४७२९१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

<u>सम्पादक</u>
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np


सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह